
स्टार्टअप कार्यविधि र परियोजना कर्जा छिट्टै... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २४० • २०७९ साल माघ १० गते मंगलबार (24 January, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेश सरकार विस्तारमा ढिलाइ

# सभासदहरु मन्त्री बन्न दौडादौडमा

# आज मन्त्रिपरिषद्को बैठक

**राजेन्द्र यादव**

जनकपुरधाम । मधेश प्रदेशको सरकार विस्तारमा ढिलाइ भएसँगै प्रदेश सांसदहरु मन्त्रीका लागि दौडादौड गर्न थालेका छन् ।

प्रदेश सरकारमा हाल सबै मन्त्रालय मुख्यमन्त्री सरोज कुमार यादवको मातहतमा रहेका छन् । नियुक्त भइसकेका मन्त्रीहरुको विभाग समेत तोकिएको छैन् ।

संघीय सरकारमा मधेश केन्द्रित दलहरु जनता समाजवादी पार्टी(जसपा) र जनमत पार्टीको तालमेल नमिलेको कारण प्रदेश सरकार विस्तारमा ढिलाइ भएको बताइएको छ । सरकारमा सहभागिताको विषयमा जसपा र जनमत पार्टीसित सहमति भइसकेको छैन् ।

जसपाले उपराष्ट्रपति पाउनु पर्ने अडानमा कायम रहेको छ ।जनमत पार्टीले पूर्व सहमति अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति अथवा खानेपानी सहित थप एउटा मन्त्रालय दिनुपर्ने अडान लिएको छ ।

मधेश प्रदेश सरकारमा ढिलाइको कारण कार्य व्यस्तता रहेको मन्त्री ईञ्जिनियर वसन्त कुशवाहाले बताए ।'मन्त्रालयको संख्या र विभागबारे गठबन्धन दलहरुबीच सहमति भइसकेको छ' उनले भने, सहमति अनुसार मन्त्रीमण्डल चाँडै विस्तार हुनेछ ।

मन्त्रीपरिषद्को बैठक मंगलवार बिहान डाकिएको उनले बताए ।' मुख्यमन्त्री यादव पार्टीका शीर्ष नेताहरुसितको छलफलका लागि राजधानी गएकाले पनि केही समय लागेको छ' मन्त्री कुशवाहाले भने, सरकारले विश्वासको मत प्राप्त गरेपछि सबै दलमा शीर्ष नेताहरुसित परामर्श गर्न आवश्यक थियो ।

उच्चस्रोतका अनुसार सहमति अनुसार नियुक्त भइसकेका मन्त्रीहरुको विभाग चाँडै निर्धारण गरिनेछ । संभवत:मंगलवार नै मन्त्रीहरुको विभाग तोकिने छ ।

स्रोतले जनाए अनुसार जसपाबाट मन्त्री बनेका सञ्जय यादवले अर्थ, एमालेबाट मन्त्री बनेका सरोज कुमार यादवले भौतिक पूर्वाधार विकास र जनमत पार्टीबाट मन्त्री बनेका ई.कुशवाहाले भूमिसुधार, कृषि तथा सहकारी मन्त्रालय पाउने संभावना छ ।

> **मधेश प्रदेश सरकारमा ढिलाइको कारण कार्य व्यस्तता रहेको मन्त्री ईञ्जिनियर वसन्त कुशवाहाले बताए ।'मन्त्रालयको संख्या र विभागबारे गठबन्धन दलहरुबीच सहमति भइसकेको छ ' उनले भने, सहमति अनुसार मन्त्रीमण्डल चाँडै बिस्तार हुनेछ ।**

हाल सम्मको सहमति अनुसार जसपाले ३, एमालेले ३, जनमतले २, लोसपाले १ र माओवादी केन्द्रले १ मन्त्रालय पाउने छन् । एमालेलाई ४ मन्त्रालय दिने सहमति भए पनि लोसपा पनि सरकारमा सहभागी हुने भएकाले एउटा मन्त्रालय घटाइएको छ ।

मन्त्रीमण्डल विस्तारको तयारी भइरहेसँगै सभासदहरु सरकारमा जान शीर्ष नेताहरुलाई प्रभावित गर्ने प्रयत्नमा जुटेका छन् । जनमत बाहेक अन्य दलहरुले भने मन्त्रीको नाम अझै टुंग्याइसकेको छैन् ।

जसपामा हालै प्रवेश गरेकी सुरिता साह मन्त्री बन्ने संभावना बढेको छ । पर्सा जिल्लाबाट जसपामा प्रवेश गरेका प्रमोद कुमार जयसवाललाई राज्यमन्त्री दिने बताइएको छ ।

जनमतबाट सञ्जय यादव मन्त्रीमण्डलमा पर्न सक्छन् ।लोसपाबाट रानी शर्माको संभावना बलियो छ । नेकपा एमाले र माओवादी केन्द्रबाट मन्त्री बन्नेहरुको नाम टुंगो लाग्न बाँकी छ ।

मुख्यमन्त्री यादवले सरकारलाई चाँडै पूर्णता दिएर कामकाजलाई प्रभावकारी बनाउन लागि परेको बताइन्छ ।दलहरुबाट मन्त्रीको नाम प्राप्त हुनासाथ मन्त्रीमण्डल विस्तार हुने मुख्यमन्त्री निकट स्रोतले जनाए ।

संघीय संसदमा दलहरुबीच मन्त्री र शासकीय पदहरुबारेमा तालमेल हुन सकेको छैन् । नेताहरु अहिले संघीय सरकार र गठबन्धनमा तालमेल मिलाउन सक्रिय रहेकाले सबै प्रदेशहरुमा सरकारले पूर्णता पाउन सकेको छैन् ।

# ३३२ फरार प्रतिवादी अदालतमा

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय बाराले एकैदिनमा ३३२ जना फरार प्रतिवादीलाई अदालतमा बुझाएको छ । बारा जिल्ला अदालतबाट विगो, जरिवाना, कैद फैसला भइ फरार रहेका ३३२ जना प्रतिवादीलाई पक्राउ गरी कारबाहीका लागि अदालतको जिम्मा लगाइएको हो ।

जसमध्ये ३६ जनालाई कैद भुक्तानका लागि वीरगञ्ज कारागार चलान गरिएको छ भने बाँकीले विगो, जरिवाना भुक्तानी गरेर घर फर्किएको प्रहरीले जनाएको छ ।

पूर्वाञ्चल विश्वविद्यालय
स्कूल अफ साइन्स एण्ड टेक्नोलोजि, विराटनगर

पुनः प्रवेश परीक्षाको अनलाईन (Online) आवेदन फाराम भर्ने सम्बन्धी सूचना

B.Tech. in AI/BCA/BIT र PGDCA शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७९/०८० (सन २०२२)मा नयाँ भर्नाको पुनः प्रवेश परीक्षाका लागि अनलाईन (Online) आवेदन फाराम आहवान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरुले P.U. School of Science and Technology (PUSAT) र शैक्षिक कार्यक्रम छनौट गरी Online फारामको सम्पूर्ण विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर (ई.सेवा/खल्ति/कनेक्ट आई.पि.एस.) सहित सम्बन्धित संकायको website मार्फत आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको छ । नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan Copy अनिवार्य रुपले Attach गर्नु पर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

**Online आवेदनका लागि website:**

विज्ञान तथा प्रविधि संकायः www.pufost.edu.np or www.entrance.puexam.edu.np
आवेदन फाराम शुल्क (ई.सेवा/खल्ति/कनेक्ट आई.पि.एस.) (सेवा शुल्क बाहेक): रु.१५००/- (एक हजार पाँच सय मात्र)
दोब्बर दस्तुर (ई.सेवा/खल्ति/कनेक्ट आई.पि.एस.) (सेवा शुल्क बाहेक): रु.३०००/- (तीन हजार मात्र)
आवेदन बारे जानकारी: PU School of Science & Technology, Online मार्फत छनौट गरी प्रवेश परीक्षा फाराम भरेपछि तोकिएको दस्तुर तिरी मिति २०७९/१०/०६ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०७९/१०/०९ गतेसम्म आवश्यक कागजातहरुको सक्कल प्रतिलिपि (प्रतिलिपि वा फोटोकपीबाट होइन) अनिवार्य रुपले Scan/Attach गरी JPEG/JPG/BMP Format मा upload गर्नु पर्नेछ ।

पुनः प्रवेश परीक्षा संचालन हुने मितिः २०७९/१०/१४ गते शनिवार ।(परीक्षा केन्द्र र समय पछि प्रकाशित हुनेछ ।)

विस्तृत जानकारीका लागिः सम्पर्क नं.०२१-४६५१०८ र ९८४१६७४७९३, पू.वि.स्कूल अफ साइन्स एण्ड टेक्नोलोजि, विराटनगर ।

डाइरेक्टर






## दुई युवक अपहरण तथा हत्या प्रकरण

# अनुसन्धानमा सीधा पहुँच नहुँदा चुक्यो नेपाल प्रहरी

**टुडे समाचारदाता**


जनकपुरधाम । सीमावर्ती भारतीय क्षेत्रमा जनकपुरधामका दुई युवकको अपहरणपछि नृशंस हत्या गरिएको छ । अपहरित युवाका पारिवारिक सदस्यबाट फिरौती माग गर्न थालिएको दुई दिनपछि नेपाल प्रहरीलाई अपहरणसम्बन्धी मौखिक जानकारी प्राप्त भयो । तर, अनेकन् प्रयासका बाबजुद पनि अपहरणमा परेका युवालाई मुक्त गराउन सकिएन । सीमापार अपराधका बारेमा अनुसन्धान कार्य निकै जटिल, पेचिलो र कठिन रहँदैआएकाले पछिल्लो प्रकरणमा नेपाल प्रहरीलाई दुर्भाग्यपूर्ण असफलता व्योहोर्नुपरेको छ ।

खुला सीमा भएका नेपाल र भारतबीच सुपुदर्गी सन्धि र अपराध अनुसन्धानका बारेमा द्विपक्षीय औपचारिक सहमति नहुँदा अपहरण तथा हत्या, लागूऔषध ओसार पसार, मानव बेचबिखन तथा ओसारपसार जस्ता संवेदनशील एवम् गम्भीर प्रकृतिका संगठित अपराधमा पीडितको उद्धार, कसुरवार पक्राउ तथा सजाय दिलाउने काममा प्रहरीलाई मुस्किल हुने गरेको छ ।

भारतीय भूभागमा अपराध हुँदा नेपाली नागरिक पीडित हुँदा अनुसन्धान तथा कारबाहीका पाटोमा स्वाभाविक रूपले नेपाल प्रहरीको सम्बद्धता र संलग्नता हुने गरे पनि द्विदेशीय समस्या समाधानमा भुइँ तहका प्रहरी निकायसँग औपचारिक समन्वय र साझेदारीमा अनुसन्धान गर्ने कानुनी व्यवस्था र त्यसअनुसारका नीति तथा संरचना नभएकाले विभिन्न घटनामा नेपाल प्रहरीको दक्षतामा नै प्रश्नचिह्न उठ्ने गर्दछ ।

दुई युवकको अपहरण तथा हत्या प्रकरणमा समेत नेपाल प्रहरीले सुक्ष्म तथा सघन अनुसन्धान गर्न नसकेको भन्दै सोमबार जनकपुरधाममा प्रहरीविरुद्ध प्रदर्शन भएको छ ।

प्रदर्शनका सहभागीहरूले अनुसन्धानक्रममा सुरुमै दायरामा ल्याइएका चिकित्सकसँग कडाइका साथ सोधपुछ नगरिएको र अपहरणकारीले मृतकका आफन्तसँग घन्टौंसम्म फोनमा कुरा गरिरहँदा अपहरणकर्ताको लोकेसन पत्ता लगाउन नसकिएकाले बेलामा अपहरितको उद्धार नभएको आरोप लगाएका छन् । अपहरितको हत्या भइसकेको आशङ्का बाक्लिँदै गएपछि कडाइका साथ सोधपुछ गरिएका भारतीय स्वास्थ्यकर्मीले अनुसन्धानको आरम्भिक दिनमा दुवै युवक दुर्घटनामा परेको र तिनका उपचार आफूले गरेको जनाएका थिए । नेपाल प्रहरीले बेलामै अपहरणकर्ताका बारेमा सूचना संकलन, काउन्टरपार्ट(भारतीय प्रहरी) सँग आदानप्रदान, विश्लेषण र तिनको अधिकतम तथा सटीक उपयोग गरेको भए अपहरणमा परेकाहरूको सकुशल उद्धार सम्भव हुने उनीहरूको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रदीप क्षत्रीले भारतीय क्षेत्रमा गाडिएका अवस्थामा फेला परेका दुई युवकका शवको प्रकृति हेर्दा फिरौती रकम माग हुनुपूर्व नै उनीहरूको हत्या भइसकेको अनुमान गरिएको बताए । उनले भने, 'फिरौती रकम पुस २९ गते माग गरिएको छ। शवको स्थिति हेर्दा त्यसअघि पुस २८ गते नै अपहरितको हत्या भइसकेको हुनुपर्छ ।' जनकपुरधाम उपमहानगरपालिकाका ती दुई युवक रोहित साह र विष्णु साह रोहितका मावली भारतीय जिल्ला सीतामढीस्थित बेलापरिहारमा पारिवारिक उत्सवमा सहभागी हुन पुस २७ गते जनकपुरबाट हिँडेका थिए । रोहित र विष्णु मन मिल्ने साथी थिए ।

दुवै अपहरितलाई घाँटीमा डोरी बाँधेर हत्या गरिएको प्रारम्भिक अनुमान रहेको प्रहरीको भनाइ छ । 'शव परीक्षणपछि हत्याका बारेमा विस्तृत तथ्य आउँला नै । तर, फिरौती रकम मागिनुअघि नै उनीहरूको ज्यान लिइएको आकलन गरेका छौं,' धनुषा प्रहरी प्रवक्ता एवम् डिएसपी क्षेत्रीले भने, 'अपहरण तथा फिरौती रकम माग भएको मौखिक सूचना प्राप्त हुनेबित्तिकै हामी सक्रिय भएका छौं । जिल्ला प्रहरी कार्यालय धनुषाबाट डिएसपी स्तरका अधिकारी नै भारतीय भूभागमा पुगेर भारतीय प्रहरीसँग समन्वयात्मक अनुसन्धान गरेको अवस्था छ ।' घटनाका विषयमा अपहरितका परिवारिक सदस्यले धनुषा प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालय धनुषाले डिएसपी दीपक राइलाई घटनास्थल भनिएको सीतामढी जिल्लामा पठाएको थियो ।

धनुषा प्रहरी प्रवक्ता क्षत्रीले घटनाबारे माघ ४ गते लिखित जानकारी आए पनि त्यसअघि नै अनुसन्धानमा प्रहरी सक्रिय भइसकेको दाबी गरे । उनले भने, 'भारतीय क्षेत्रमा नेपाली नागरिकको अपहरण दुवै देशका प्रहरीको टाउकोदुखाइ बन्यो । भारतमा पाँचजना र नेपालमा दुईजनालाई पक्राउ गर्‍यौं । यो दुवै देशका प्रहरीबीच अनुसन्धानमा भएका समन्वय र साझेदारीकै परिणाम हो ।' प्रहरीसम्म सूचनाको पहुँच हुनुअघि नै अपहरितका हत्या भएकाले जीवितै उद्धार गर्न नसकिएको उनको भनाइ छ । अपहरितको हत्या भइसकेको र शव बरामद भइसकेको जानकारी माघ ८ गते अपहरितका परिवारले पाएका थिए ।

अन्तर्देशीय अपराध अनुसन्धानमा दुवै सार्वभौम भूगोलका अनुसन्धान संयन्त्रबीचको समन्वय र साझेदारी आधिकारिक क्षमताभन्दा व्यक्तिगत चिनजान र सम्बन्धमा भरपर्ने हुँदा अनुसन्धान सहज नहुने डिएसपी क्षत्रीको तर्क छ । भारतसँगको यस्तो साझेदारी दुवै देशका सीमावर्ती सुरक्षा निकायबीच सीमापार अपराधबारे जानकारी विनिमय हुने अन्तरसीमा बैठकको सहमतिका कारण हुनेगरेको जिल्ला प्रशासन कार्यालय धनुषाका निमित्त प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले बताए । 'तर, यस्तो सहमति औपचारिक रूपमा हुँदैन,' उनले भने ।

घटनाका अनुसन्धानमा भारतीय क्षेत्रमै बसेर त्यहाँका सुरक्षा संयन्त्रसँग समन्वय गरेका डिएसपी रायले आफू अनौपचारिक रूपमा अर्थात् रोटीबेटीका सम्बन्धका आधारमा मात्र भारत गएको बताए । उनले अनुसन्धानमा भारतीय प्रहरी सक्रिय भएको र नेपाल प्रहरीसँग निरन्तर समन्वय गरेको ठोकुवा गरे । 'लामो समयसम्म अपहरितका पारिवारिक सदस्यसँग कुरा गर्नेगरेका बेला अपहरणकर्ताको लोकेसन किन ठम्याउन सकिएन भन्ने विषय प्राविधिक हो । त्यस विषयमा भारतीय प्रहरीले हामीसँग जानकारी साझा गर्नेपर्छ भन्ने छैन,' उनले भने ।

नेपाल र भारतबीच सुपुर्दगी सन्धि र अपराध अनुसन्धान प्रक्रियामा साझेदारीका विषयमा कानुनी तथा नीतिगत व्यवस्था नहुँदा अपराधबारे सूचना आदानप्रदानलाई नै द्विपक्षीय अनुसन्धानका रूपमा अर्थ्याउने गरिन्छ । दुवै देशका भूमिमा हुने अपराधमा एकअर्काको संलग्नता, हस्तक्षेप र प्रभावका लागि वैधानिक आधार हुँदैन । यद्यपि व्यावहारिक ढंगले भने खास अपराधमा दुवै देशका प्रहरीबीच सन्निकट साझेदारी र आरोपी हस्तान्तरण समेत हुँदै आएका छन् । दुई युवक अपहरण र हत्यामा संलग्न भनेर भारतमा पक्राउ परेकामाथि भारतमै मुद्दा चल्नेछ भने सोही आरोपमा नेपालमा पक्राउ परेकाहरूमाथि नेपालमै अभियोजन गरिनेछ ।

डिएसपी क्षत्रीले घटनाका सबै कथा प्रस्ट भइसकेको र केही व्यक्ति पक्राउ पर्न बाँकी रहेको बताए । 'घटनामा संलग्न भनिएका चारजना फरार छन्, तिनको खाजी भइरहेको छ । पक्राउ पर्नेबित्तिकै अभियोजनको प्रक्रियामा जानेछौं,' उनले भने ।

संगठित अपराधका विषयमा भने दुवै देशबीच केन्द्रीय तहमा औपचारिक पत्राचार र साझेदारी हुँदैआएको छ । केही घटनामा देशका अनुसन्धान निकाय र केहीमा कुटनीतिक निकायबीच संवाद र सहकार्य हुनेगर्छ । मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक (डिआइजी) वसन्तबहादुर कुँवरले त्यस्ता अपराधमा नेपाल प्रहरीको इन्टरपोल र सिआइबीजस्ता निकायहरू समकक्षी भारतीय निकायसँग समन्वय गर्नेगरेको जानकारी दिए । तर, सीमावर्ती क्षेत्रमा हुने अपहरण, हत्या, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध ओसारपसार जस्ता अपराध अनुसन्धान तथा नियन्त्रणमा सीमावर्ती क्षेत्रका प्रहरीका ल्याकत, सम्बन्ध र सहकार्य गर्ने शैली निर्णायक हुने बताए । उनले जनकपुरका दुई युवक अपहरण अनुसन्धानमा प्रहरीले सम्पूर्ण क्षमताका साथ काम गरे पनि फिरौती रकम माग्नुअघि नै अपहरितको हत्या भइसकेकाले सकुशल उद्धार गर्न नसकिएको दोहोर्‍याए ।

# केशोर र बयरको बजार बढ्दै

महोत्तरी । मधेश प्रदेशको प्राचीन मिथिला क्षेत्रमा धार्मिक, सांस्कृतिक पर्वसँगै किसानका विभिन्न फसलको सम्बन्ध जोडिएको छ । श्रीपञ्चमी पर्व नजिकिएसँगै बयर (रूखमा फल्ने फलविशेष) र केशोर (माटोमुनि फल्ने फलविशेष) उत्पादन भएपछि किसान खुसी भएका छन् । अहिले यो पर्व नजिकिएसँगै महोत्तरीका हाटबजारमा केशोर र बयरको बजार बढेको छ ।

वसन्तपञ्चमी पनि भनिने यस पर्वमा सरस्वतीको पूजाका लागि बयर र केशोरको महत्व निकै हुन्छ । बस्ती/बस्तीका विद्यालय र घरघरै पनि उल्लासमय वातावरणमा मनाइने सरस्वती पूजामा प्रसादका रूपमा बयर र केशोरको प्रयोग गरिने भएकाले यो बेला यी उत्पादनले राम्रो बजार पाउँछन् । पर्व नजिकिँदै गर्दा किसान केशोर खन्न र बजार पुर्‍याउन तल्लीन देखिन्छन् ।

"लगातार बाक्लो हुस्सुसँगैको चिसो स्याँठले राम्ररी काम गर्न कठिन भए पनि केशोर बिक्रीको बेला भएकाले धमाधम खन्न लागेका छौं", बर्दिबास-९ पशुपतिनगरका किसान रामविनोद महतोले भन्नुभयो, "अबका चार दिन केशोरले बजार पाउने त हो ।"

यस वर्ष श्रीपञ्चमी पर्व माघ मध्यअघि नै पर्दा केशोर खन्न ठीक बेला भए पनि लगातारको चिसोले यसमा कालो धब्बा लागेर दुःख दिएको सम्बद्ध किसानले बताए । बर्दिबास, गौशाला, भङ्गाहा र औरहीसहितका जिल्लाका उत्तरवर्ती नगर क्षेत्रका बस्तीमा केशोरको व्यावसायिक खेती हुँदै आएको छ । यस भेगको केशोर देशका विभिन्न भागका साथै भारतको पश्चिम बङ्गालसम्म पुग्ने हुँदा अहिले केशोरका व्यापारीको चहलपहल पनि बढेको छ ।

केशोरको व्यावसायिक खेती हुने भए पनि यहाँ बयरको भने व्यावसायिक खेती फस्टाएको छैन । उन्नत जातका बयरका बिरुवा नरोपिँदा यहाँको बजारमा पुराना बयरले माग धान्न नसकेपछि हाटबजारमा बाहिरबाट मनग्ये बयर आउने गरेको छ । "बयरका रूख त छन् तर उनै पुराना, जे फल्छन् भगवान् भरोसे", भङ्गाहा-४ पलारका किसान जयकरण बाँतरले भन्नुभयो, "यो पनि वसन्तपञ्चमी ताका टिप्न सकिएन भने झरेर खेर जान्छ, त्यसैले टिप्दैछौँ ।" यता उन्नत जातका बयरको खेती नथालिँदा भारतबाट आउने बयरमा आश्रित हुन परेको किसान बताउँछन् । स्थानीय सरकारले उन्नत जातका बयरका बिरुवा उपलब्ध गराइदिए आफूहरू खेती गर्न इच्छुक रहेको जयकरणकै छिमेकी महेश सर्दार बाँतरले बताउनुभयो ।

यसैगरी माटोमुनि फल्ने केशोर तयार हुने समय पनि माघ मध्यभित्र नै हो । खन्न ढिलो हुनासाथ माटोमुनि नै फल कुहिँदै जाने, कालो धब्बा लाग्ने र स्वाद बिग्रने भएको हुँदा केशोर खन्न किसान व्यस्त देखिएका हुन् ।

"केशोर खन्न अब ढिलो गर्न हुन्न, श्रीपञ्चमी आउन अब केही दिनमात्र बाँकी छ, आउने बिहीबारसम्म पर्वका लागि यसको बजार हुन्छ, त्यसैले घरका सबै केशोर खन्न जुटेका छौँ", बर्दिबास-७ मनहरिपुरका किसान रोशन यादवले भन्नुभयो । टाढाटाढासम्म केशोर निर्यात गर्ने मनहरिपुरका किसान बारीमा फसल तयार भए पनि मौसमले राम्रो साथ नपाएको बताए । खनेको केशोर तत्कालै नबिग्रने हुँदा मनहरिपुरमा अहिले घरघरैजसो आँगनमा खनेका केशोरका थुप्रा देखिन्छन् ।

जिल्लामा बयरको व्यावसायिकरुपमै खेती गर्ने किसान त थोरै छन् । तर केशोर खेती भने जिल्लाका उत्तरवर्ती क्षेत्रका बस्तीमा किसानले व्यापकरूपमा गर्दै आएका छन् । सरस्वती पूजाका बेला यस भेगमा उत्पादित केशोर मुलुकभित्रकै टाढाटाढाका बजार र भारतीय बजारसम्म पुग्ने गरेको गौशाला-१० का किसान अरुण कुशवाहाले बताउनुभयो ।

स्वास्थ्यका दृष्टिले गुणकारी फल केशोर पर्वविशेषको प्रसाद सामग्रीमात्र नभई मौसममा फल्ने फलका रूपमा खाने चलन आमरूपमा बस्न सके यसको बजार विस्तार अझ हुने स्वास्थ्यकर्मीको भनाइ छ ।

खानामा अरुचि हटाउन, पाचनक्रिया मजबुत बनाउन, कोशिकाहरू सक्रिय बनाउन र रगत शुद्धीकरणका लागि पनि केशोर उपयोगी फल रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले बताउनुभयो ।

अहिले उत्पादन भएको केशोर खनेर चिस्यानघरमा राख्नसके वैशाख/जेठको गर्मीयाममा राम्रो मूल्यमा बिक्री गर्न सकिन्छ तर चिस्यानघरको अभावमा केशोरलाई सुरक्षित राख्न कठिन भएको उहाँको गुनासो थियो ।रासस

# पत्रकार साह परिवारद्वारा विद्यालयलाई जग्गा दान

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको सबैला नगरपालिका वडा नम्बर ११ ईनर्वाका पत्रकार राम भरत साहका परिवारले एक विद्यालयलाई जग्गा दान गरेका छन् । राम एकवाल साह, राम भरत साह र बिजय शंकर साहले बुवा राम सागर साहको नाउँमा सगोलमा रहेको ५ कट्ठा जग्गा, राम देव साहले १ कट्ठा १८ धुर र श्याम किशोर साहले ५ कट्ठा जग्गा सोही गाउँमा रहेको राष्ट्रिय प्राथमिक विद्यालय लाई +२ मा स्तरोन्नति गर्न दान दिएका छन् ।

उक्त विद्यालयको नाउँ परिवर्तन गरी केश्वर साह गेनिया देवी राष्ट्रिय प्राथमिक विद्यालय+२ हुने सर्वसम्मत निर्णय भए भएपछि सो जग्गा दान गरिएको पत्रकार साहले जानकारी दिए । दान गरिएको जग्गाको मध्यमा रहेको साह परिवारको लगभग १ बिगहामा रहेको पोखरी समेत विद्यालय लाई दान गरिएको छ । केश्वर साह र गेनिया देवीको तीन पुत्र राम रतन साह, राम सागर साह र राम शोभित साहको सगोलमा रहेको सो पोखरीको सौन्दर्यीकरण गरी उत्तर डील केश्वर साह- गेनिया देवी, पूर्वी डील राम रतन साह र रमिया देवी पश्चिमी डील राम सागर साह र शारदा देवी र दक्षिणी डील राम शोभित साह र सुगनी देवी घाट नामाकरण गर्ने सर्वपक्षीय निर्णय समेत गरिएको छ ।




जनता राष्ट्रिय प्राथमिक विद्यालय, ईनरवाको प्राङ्गणमा भएको सर्वपक्षीय बैठकमा सबैला नगरपालिकाका मेयर कारिराम यादव, उपमेयर रहिमा खातुन, सोही नपाका वडा नम्बर ९ का वडाध्यक्ष मनिष राय, नेपाल वार एशोशिएशनका पूर्व अध्यक्ष अधिवक्ता रामनेक साह, वडा नम्बर ११ का पूर्व वडाध्यक्ष विशेश्वर यादव, उतिम यादव, दुलाचन्द यादव, समसुल शेष लगायत गाउँका भद्रभलादमी, शिक्षक, कर्मचारी, ब्यापारी, किसान मजदुर लगायत सो अवसरमा सयौं गाउँवासीको उपस्थिति रहेको थियो ।

शिक्षा जगतको रूपमा निर्माण गर्ने सोच लिएका वडाध्यक्ष सरोज यादवले वर्तमानमा सो कार्यका लागि वडाले आफ्नो बजेटबाट रू ४४ लाख र नपाले ६० लाख गरी १ करोड ४ लाख छुट्टयाएको ११ का वडाध्यक्ष सरोज यादवले जनाएको छाउक्त स्कूलको स्थापना २०३२ सालमा सोी साह परिवार द्वार उपलब्ध गराईएको डेढ बिगहा जग्गाबाट भएको थियो । यस भन्दा पहिला साह परिवारले १७ कठ्ठाको पोखरी समेत विद्यालयलाई दान गरेका थिए ।

# पानी प्रशोधन केन्द्र बनाउन उद्योगी तयार

**टुडे समाचारदाता**

वीरगञ्ज । सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि ७ दिनभित्र पानी प्रशोधन केन्द्र स्थापना गर्न वीरगञ्ज पथलैया औद्योगिक करिडोरका उद्योगहरु तयार भएका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघको पहलमा बसेको उद्योगीहरुको बैठकले अबको सात दिनभित्र उद्योगहरुमा अनिवार्य प्रशोधन केन्द्र स्थापना गर्न तयार भएका छन् ।

वीरगञ्ज महानगरपालिकाले नदी प्रदूषणको मुख्य कारक उद्योगहरु रहेको निष्कर्ष निकाल्दै उद्योगबाट निस्कने फोहोर पानी नियन्त्रण गर्न

> **सिर्सिया नदी प्रदूषण नियन्त्रण गर्ने जिम्मेवारी आफूहरुको पनि रहेकाले अब हरेक उद्योगले फोहोर पानी सोझै नदीमा फाल्न बन्द गर्न प्रशोधन केन्द्र बनाउन लगाउने निर्णय गरेको उद्योग वाणिज्य संघ वीरगञ्जका अध्यक्ष सुबोधकुमार गुप्ताले बताए ।**

ताकेता गरेपछि उद्योग वाणिज्य संघले उद्योगीहरुलाई तत्काल प्रशोधन केन्द्र बनाउन लगाउने निर्णय गरेको छ । उद्योगीहरुको भेलाले उद्योगबाट निस्कने फोहोर पानी प्रशोधन गरेर मात्रै नदीमा विसर्जन गर्ने, प्लान्ट नभएका उद्योगले सात दिनभित्र प्लान्ट निर्माण गर्ने र दैनिक १६ घण्टा बोरिङ चलाएर स्वच्छ पानी नदीमा विसर्जन गर्ने निर्णय गरेको छ ।

सिर्सिया नदी प्रदूषण नियन्त्रण गर्ने जिम्मेवारी आफूहरुको पनि रहेकाले अब हरेक उद्योगले फोहोर पानी सोझै नदीमा फाल्न बन्द गर्न प्रशोधन केन्द्र बनाउन लगाउने निर्णय गरेको उद्योग वाणिज्य संघ वीरगञ्जका अध्यक्ष सुबोधकुमार गुप्ताले बताए ।

बारा पर्साका उद्योगीहरुको सहभागिता रहेको बैठकमा उद्योगीहरुकै सहमतिमा यस्तो निर्णय भएको पनि उनले जानकारी दिए ।

बैठकमा संघका वरिष्ठ उपाध्यक्ष अनिल कुमार अग्रवाल, उपाध्यक्ष माधव राजपाल, शिवशक्ति प्याकेजिङ, भास्कर हर्बल, एभरेस्ट लेदर, नेपाल लेदरसहित यस क्षेत्रबाट संचालित उद्योगका संचालक तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

वीरगञ्ज महानगरपालिकाको अगुवाइमा सिर्सिया नदी प्रदूषण नियन्त्रण समिति गठन भएर अहिले नदीको स्थलगत अनुगमनको काम अघि बढाइएको छ ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# धान र उखु किसानका समस्या समाधान गर्न माग



**टुडे समाचारदाता**

वीरगञ्ज। जनता समाजवादी पार्टी नेपाल सम्बद्ध समाजवादी किसान महासंघको कार्यसम्पादन समितिको बैठकले किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

वीरगञ्जमा पुस ७ र ८ गते सम्पन्न बैठकले सरकारले तोकेको समर्थन मूल्यमा किसानले धान बिक्री गर्न नसक्ने र बिक्री गरिसके पनि समयमा रकम प्राप्त नहुने समस्याले किसान मारमा परेकोले सरकारले नै धान खरिद गनुपर्ने माग गरेको छ।

सरकारले तोकेको उखुको समर्थन मूल्यमा किसानको लागतसमेत नउठ्ने भएकोले सो समर्थन मूल्यमा पुनःविचार गनुपर्ने किसान महासंघको माग छ।

कृषकहरुले पाउने कृषि ऋणलाई सरल र सहज ढंगले प्राप्त हुने व्यवस्था गराइदिन सम्बन्धित निकायलाई महासंघले अनुरोध गरेको छ। साथै बैठकले महासंघका प्रदेशस्तरीय समिति फागुन ३० गतेसम्म गठन पुनर्गठन गर्ने निर्णय गरेको छ।

महासंघको केन्द्रीय समितिमा मधेश प्रदेशका महाराज यादव, लम्बिनी प्रदेशबाट प्रबजन उपाध्याय, कर्णाली प्रदेशबाट प्रबजन शाही र लुना चौलागाइलाई मनोनयनसमेत गरेका छन्।

# स्वदेशमै हजारौं आम्दनी गर्नसक्ने उदाहरण

**राजन झा**

जनकपुरधाम । महोत्तरी लोहारपट्टी नगरपालिका-४ खुट्टाका रामउद्‌गार यादव जनकपुरधामको बजारमा प्रत्येक दिन एक सय लिटर दुध बेचेर मासिक ५० हजार भन्दा बढी आम्दानी गर्ने गरेका छन्।


पैसा कमाउन विदेशनै जानुपर्छ भन्ने मान्यतालाई त्याग्दै उनले आफनो घरबाट पाँच किलोमिटरको दूरीमा रहेको जनकपुरधाम बजारमा दुध बिक्री गरेर उनले विदेशमा कमाउने पैसा यहाँ नै कमाउन सक्ने उदाहरण बनेका छन्।

आफ्नै गाउँ टोलमा गाई भैंसी पालेका किसानको दुध संकलन गरी जनकपुरधामस्थित करिब ५० घरधूरीमा उठाउन तथा भ्रमरपुरा चोकस्थित एक दुई वटा चियापसलमा गरी प्रत्येक दिन एक सय लिटर दुध बेच्ने गरेका छन्।

उनले ७०/८० रुपैयाँ लिटर किन्ने गरेको दुध मोटरसाइकलमा बोकेर जनकपुरधामसम्म पुग्दा ९० देखि एकसय रुपैयाँ लिटर सम्ममा बिक्री गर्ने गरेका छन्। गाईको दुध केही सस्तोमा खरिद बिक्री हुने गरेको छ भने भैंसीको दुध १ सय १० रुपैयाँसम्म सहजै बिक्री हुने गरेको यादव बताउँछन्।

उनले ढुवानी खर्च कटाएर मासिक पचास हजार भन्दा बढी आम्दानी गर्ने गरेका छन् । मोटसाइलमा दूध ढुवानी गरेर जनकपुरधामको बजारमा प्रत्येक दिन घर-घरमा दूध पुऱ्याउँदै आएका रहेका छन्।

अधिकांश दूध विक्रेताले पानी मिसाएर दूध बेच्ने गरेको गुनासो आइरहेको समयमा उनले बेच्ने दूधमा भने एक थोपा पनि पानी नमिसिएको विगत दुई वर्षदेखि उनका नियमित ग्राहकहरुको दाबी रहेको छ।



जनकपुरधाम उपमहानगरपालिका-७ का उपभोगक्ता सीता ठाकुर भन्छिन् ,'म प्रत्येक दिन डेढ लिटर दुध यादवसंग उठाउन लिने गरेकी छु र महिनामा त्यसको तरबाट अढाइ किलो भन्दा बढी घीउ बनाउने गर्छु'।

उनी जस्तै अर्का उपभोगक्ता राजेश झाले भने यादवसंग दूध किन्ने गरेको डेढ वर्ष भइसकेको बताउँछन्।

३० वसन्त पारेका यादव यस अघि रोजगारको क्रममा खाडी मुलुक कतार एवम् मलेशियामा पाँच वर्ष काम गरेर फर्केका छन् । तर विदेशमा भन्दा देशमै काम गरेर ५० देखि ६० हजारसम्म रकम कमाउन थालेपछि विदेश जाने मान्यता नै उनले त्यागिसकेको बताउँछन् । 'विदेशी भूमिमा पसीना बगाउनु भन्दा नेपालमै केही गर्छु भनेर फर्केर यही दूध खरिद बिक्री गर्न थाले।

त्यति मात्र होइन घरमासमेत दुईवटा गाई र एउटा भैंसी पालेर उनले घरखर्च चलाउने गरेका छन्। बिहान ४ बजेदेखि दिउँसो १२ बजे सम्ममा संकलनदेखि बिक्री गरेर घर फर्किएर घरमै पालेको चौपायालाईसमेत स्याहार गर्नसक्ने समय पाएर यति रकम कमाउनु विदेशको कुनै पनि काम भन्दा राम्रो रहेको धारणा उनको छ।

उनी भन्छन्,'विदेशमा गएर अनुशासित र इमान्दारिपूर्वक काम गरेझैं आफ्नै मुलुकमा काम गर्नसके घर परिवारको माया मारेर विदेश पलायन हुने युवाहरुको जीवन नै बदलिने थियो।'

दूध बेचेरै उनले ६ वर्षीय र ९ वर्षीय दुई सन्तानलाई गुणस्तरीय शिक्षा दीक्षा दिन सफल भएका छन्। विदेशमा रहेको बेला एक दिनको लागि पनि बिरामी पर्दा सम्पूर्ण दूनिँया नै अन्ध्यारो बनेको सम्झना गर्दै उनी भन्छन् ,'यहाँ बिरामी पर्दा एक दुई दिन दूध नबेचे पनि केही नहुने तर विदेशमा भएको बेला विरामी भइ थला पर्दा पनि ड्युटी जानैपर्ने बाध्यता लगायतको समस्या छैन।

# चिसोका कारण एकको मृत्यु

**टुडे समाचारदाता**

लहान । सिरहामा चिसोका कारण कठ्यांग्रिएर एकजनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सिरहा नगरपालिका-७ का ५० वर्षीय मदन पासमान रहेको प्रहरीले जनाएको छ।

चिसोका कारण पासमानको सोमबार बिहान मृत्यु भएको वडा प्रहरी कार्यालय सिराहा (ख) ले जनाएको छ । मृतककी श्रीमती गौरीदेवी पासमानको उपचार



अभावमा क्यान्सरका कारण चार वर्षअघि नै मृत्यु भइसकेको छ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको हरिपूर्वामा मोटरसाइकल अनियन्त्रित भइ पल्टिँदा चालकको मृत्यु भएको छ।

दुर्घटनामा हरिपूर्वा नगरपालिका-९ का ३४ वर्षीय जोगी राय यादवको मृत्यु भएको छ।

हरिपूर्वा नगरपालिका-१ स्थित भित्री सडकखण्डमा भारतीय नम्वर प्लेटको मोटरसाइकल आफै अनियन्त्रित भइ दुर्घटना हुँदा मोटरसाइकल चलाइरहेका यादव गम्भीर घाइते भएका थिए।

उनलाई जनकपुरमा सामान्य उपचारपश्चात थप उपचार गर्न काठमाण्डुतर्फ लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ ।

दुर्घटनामा परेको मोटरसाइकल भारतीय नम्वर प्लेटको भए पनि नम्वर भने स्पष्ट हुन नसकेको प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए।

# महसुल काउण्टर सञ्चालन



**ओम प्रकाश यादव**

गरुडा । नेपाल विद्युत प्राधिकरण गौर वितरण केन्द्रले उपभोक्ताहरुको सहजताका लागि फयूज सेवा तथा आय संकलन काउण्टर ठाउँ ठाउँमा सञ्चालन गर्न थालेको छ।

पहिलादेखि नै गौर, शिवनगर, गरुडा लगायत जिल्लाको मुख्य ठाउँमा मात्र आय संकलन काउण्टर सञ्चालनमा रहेको हुँदा टाढाका उपभोक्ताहरुले बिजुलीको महसुल बुझाउन निकै सास्ती खेप्दै आएको अवस्थालाई मध्य नजर गरी प्राधिकरण कार्यालय गौरले ग्रामीण क्षेत्रहरुमासमेत आय संकलन काउण्टर धमाधम खोल्न थालेको छ।

केहीदिन यता पिपरा, समनपुर र माधोपुरमा आफ्ना शाखा कार्यालयको रुपमा बिजुली महसुल बुझाउने कार्यालय विस्तार गरेकोप्राधिकरण कार्यालयले सोमवारदेखि जिल्लाको राजपुर नगरपालिका-३ राजपुरमा पनि फयूज सेवा तथा आय संकलन काउण्टर सञ्चालनमा ल्याएको छ।

उद्‌घाटन भएसंगै सोमबारदेखि नै उक्त फयूज सेवा तथा विद्युत महसुल काउण्टर सञ्चालनमा आएको छ। राजपुर नगरपालिकामा पहिलो पटक बिजुलीको महसुल बुझाउने काउण्टर सञ्चालनमा आएपछि अब सदरमुकाम गौर स्थित विद्युत कार्यालयमा गएर महसुल बुझाउनुपर्ने बाध्याता अन्त्य भएको भन्दै सो पालिकासहित आसपासका उपभोक्ताहरु निकै हर्षित भएका छन्।

काउण्टर उद्‌घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल विद्युत प्राधिकरण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मुनिन्द्र ठाकुरले विद्युत उपभोग गर्ने उपभोक्ताहरुलाई सेवा प्रदानमा कुनै समस्या हुन नदिने गरी प्राधिकरण कार्यालय काम गरिरहेको बताए।

सेवा प्रदानमा कुनै समस्या भए सम्बन्धित विद्युतको कार्यालयहरुमा सिधा सम्पर्क गर्न आग्रह गर्दै प्रमुख ठाकुरले उपभोक्तालाई सहज रुपमा सेवा उपलब्ध गराउन आफूहरु २४ सौं घण्टा तयार रहेको बताए।

सेवा प्रवाहको क्रममा विद्युतको कुनै पनि कर्मचारीले अनावश्यक दुख दिए वा घुस मागे सिधा विद्युत प्राधिकरण गौरको कार्यालयमा खबर गर्न आग्रह गर्दै ठाकुरले जनतालाई दुख दिने र घुस माग्ने कर्मचारीलाई कडा कारबाही गर्ने बताए।

त य स्त ै , र ा ज प ु र नगरपालिकाका मेयर मोहम्मद डा. राजीक आलमले नजिकमा आय संकलन कार्यालय नहुँदा उपभोक्ताहरु गौरमा घण्टौं लाइन लागेर बिजुलीको महसुल बुझाउँदै आएको अवस्थामा अब आफनै पालिकामा महसुल बुझाउने काउण्टर खुलेपछि सय रुपैंयाको महसुल बुझाउन पाँच सय खर्चेर महसुल बुझाउन अन्यत्र जानुपर्ने बाध्याता अन्त्य भएको बताए।

# सुक्खा मौसममा पनि कटान

**टुडे समाचारदाता**

लहान । बलान नदीको पश्चिम किनार सुक्खा मौसममा पनि कटानले वर्षाको समयमा नियन्त्रणबाहिर जाने चिन्ता स्थानीयहरुमा देखिएको छ।

सिरहा र सप्तरी जिल्लाको सिमानामा रहेको बलान नदी सिरहातर्फको लहान-२३ तिलोबोना र करैयाको बीच पश्चिमी किनारमा कटान भइरहेको छ।

त्यहाँ एक सय बिघाभन्दा बढी उर्वर जमिन कटान गरिसकेको स्थानीय मुसहरु यादवले बताएका छन्।

उनले माघदेखि फागुनसम्म नियन्त्रणका लागि कुनै प्रयास भएन भने उत्तर दक्षिण भएर बग्ने बलान नदी पूर्व-पश्चिमतर्फ बग्ने खतरालाई टार्न नसकिने चिन्ता व्यक्त गरे।

> **'राष्ट्रिय राजमार्गमा रहेको बलान पुलदेखि दक्षिणतर्फ बगिरहेको बलान नदी पश्चिमतर्फ बग्न थालेपछि कटान नियन्त्रणभन्दा बाहिर जान थालेको स्थानीयहरु बताउँछन्।**

कतिपयको लालपुर्जा झोलामा छ तर उर्वर जग्गाजति बलान खोलामा गइसक्यो। समयमा नियन्त्रण गर्न नसके पश्चिमतर्फका बस्ती तिलोबोना, गढा, खैरबोनालगायत दर्जनौं गाउँबाट बलान बगेर बहाव बनाएपछि विकराल अवस्था आउने भएकाले स्थानीय चिन्तित भएको लहान-२३ का वडाध्यक्ष बद्रीनारायण यादवले बताए।

उनले भने,'बलान नदी नियन्त्रणका लागि प्रधानमन्त्री, मधेश प्रदेशका मुख्यमन्त्रीलाई यसबारे जानकारी गराउन प्रदेश सभा सदस्य राजकुमार गुप्ता, प्रतिनिधिसभा सदस्य रामशंकर यादवमार्फत तीनै तहको सरकारसँग हारगुहार गरेका छौं।'

लहान नगरपालिकाको बजेटले सम्भव नदेखिएकाले संघीय र प्रदेश सरकारको बजेट आवश्यक भएको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले जानकारी दिँदै यसका लागि चौतर्फी सहयोगको आवश्यक रहेको बताए।

गत वर्ष लहान नगरपालिकाले अस्थायी तटबन्ध बनाएको थियो तर वर्षाको समयमा आउने बाढीले बगाएर लगेपछि झन् कटान तीव्र भइरहेको बताइन्छ।

'राष्ट्रिय राजमार्गमा रहेको बलान पुलदेखि दक्षिणतर्फ बगिरहेको बलान नदी पश्चिमतर्फ बग्न थालेपछि कटान नियन्त्रणभन्दा बाहिर जान थालेको स्थानीयहरु बताउँछन्।

स्थानीय शिक्षक राजदेव यादवले भने,'सुक्खा मौसममा पनि कटान जारी छ। यही गतिमा रहयो भने सत्यानाश हुने निश्चित छ।

बलान नदीको कटानबाट सिराहातर्फका लहान नगरपालिकाका ३, ४, ६, १७, १९ र २२ नम्बर वडा, सखुवानान्काराकट्टीको ४ र ५ भगवानपुर गाउँपालिकाको १, २ र ३ नम्बर वडाका किसान गरी एक हजार बिघा उर्वर जमिन कटान भएको बताइन्छ ।

यसले गर्दा सुकुम्बासी भएर गाउँ नै छाडेर अन्यत्र सर्नुपरेको सखुवानान्काराकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवले जानकारी दिए।

लहान नगरपालिका, सखुवानान्काराकट्टी र भगवानपुर गाउँपालिकाको साझा समस्या भएकाले समाधानका लागि प्रदेश र संघीय सरकारले पनि सम्बोधन गरिदिनुपर्ने उनको भनाइ छ।

# निःशुल्क शिविर



**बखतियार अलि**

मलंगवा। सर्लाही समाजसेवी कल्याणकारी परिवारले सर्लाहीको मलंगवामा आयोजना गरेको निःशुल्क मोतियाबिन्दु अप्रेसन शिविरबाट २०५ जनाको ज्योति फर्काएको छ।

नेपाल आँखा अस्पताल त्रिपुेश्वर र मलंगवा नगरपालिकाको सहयोगमा माघ ४ गतेदेखि माघ ८ गतेसम्म सगरमाथा आवासीय विद्यालयमा शिविर सञ्चालन गरिएको छ।

शिविरमा ५ सय जना आँखाका बिरामीले सेवा लिएका थिए। ५ सय जनाको आँखाको जाँच गरिएकोमा २०५ जनाको आँखाको शल्यक्रिया गरिएको थियो।

जसमध्ये ९४ जना पुरुष र १ हजार ११ जना महिलाहरु रहेको आयोजक संस्थाका अध्यक्ष सुवास कर्णले बताए।

शिविरमा शल्यक्रिया गरिएका बिरामीहरुलाई निःशुल्क चश्मा र औषधि उपलब्ध गराइएको थियो भने अन्य बिरामीलाई पनि निःशुल्क औषधि उपलब्ध गराइएको थियो।

नगर प्रमुख नागेन्द्र प्रसाद यादवले उद्‌घाटन गरेको उक्त शिविरको सोमबार उनकै प्रमुख आतिथ्यतामा एक कार्यक्रमको आयोजना गरी समापन गरिएको छ।

कार्यक्रममा उपचारमा संलग्न नेपाल आँखा अस्पताल त्रिपुरेश्वरका डा.कमल बहादुर खड्कासहित डा.श्रृचा मंडल,कृष्टिना केसी,रजनी थापा,भाग्य साह,श्याम श्रेष्ठ ,प्रतिभा कटुवाल ,नवीन बुढाथोकी र राजेन्द्र गिरीलाई संस्थाको तर्फबाट कदर पत्र प्रदान गरिएको थियो।

साथै शिविरमा खटेका जेसिज मा वि र सगरमाथा स्कुलका विद्यार्थीलाई पनि धन्यवाद दिँदै कदर पत्र प्रदान गरिएको थियो।

# अस्पताललाई एम्बुलेन्स हस्तान्तरण

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपालप्रालिलेसशस्त्रप्रहरी बल नेपालविपद्, व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, चितवनमा रहेको पृथ्वीहाइवे ट्रमा अस्पताललाई एम्बुलेन्स हस्तान्तरण गरेको छ।

हाल सो ट्रमा अस्पतालमा एम्बुलेन्सको अभाव भएकोले तुरुन्तै घाइते बिरामीहरुलाई उद्धार गर्न कठिनआई भएकोले कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गतको एबितायक्त सूर्य नेपाल आशामार्फत एम्बुलेन्स उपलब्ध गराएको छ।

प्राप्त एम्बुलेन्स हाइवेका वरिपरी हुने दुर्घटनामा परेका बिरामीहरुको उद्धारका लागि प्रयोग हुनेछ।

सोमबार एक कार्यक्रमकाबीच सशस्त्र प्रहरी बल नेपाल विपद्, व्यवस्थापन तालिम शिक्षालय




कुरिनटार, चितवनका प्रमु यस यस पिअन्जनीकुमार पोखेललाई कम्पनीको भाइस प्रेसिडेन्ट करपोरेत अफैर्स रवी के सिले एम्बुलेन्सको चाबी हस्तान्तरण गरेका थिए । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल विपद्, व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, चितवनका प्रमुख यस यस पिअन्जनीकुमार पोखेल, सूर्य नेपाल प्रा लि को भाइस प्रेसिडेन्ट करपोरेत अफैर्स रवी के सि , प्रबन्ध निर्देशक रवी के रायवरम ,भाइस प्रेसिडेन्ट फाइनेन्स विकास भुत्रा,भाइस प्रेसिडेन्ट मारकेटिङ दिप्रा लेहरी लगायतको सहभागिता रहेको थियो।

# सूर्य नेपाल एनपिजिए म्याच प्ले आजदेखि

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सिजनको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले मंगलबारबाट रोयल नेपाल गल्फ क्लबमा हुने भएको छ।

पछिल्लो पूरा सिजन २०२१-२२ को वरीयता अनुसार शीर्ष १६ गल्फरले यस प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् । शीर्ष १६ मा रहेका चार गल्फर अनुपस्थित रहेकाले यसपटक २० औं वरीयतासम्म रहेका गल्फरले प्रतिस्पर्धा गर्दैछन्।

मंगलबार पहिलो चरणको खेल तथा बुधबार क्वाटरफाइनल र सेमिफाइनल हुनेछ । विहीबार अन्तिम दिन फाइनल हुनेछ। फाइनल ३६ होल तथा अन्य चरणमा १८ होलमा हुनेछ।


प्रतियोगिताको पहिलो चरणमा शीर्ष वरीयताका शुक्रबहादुर राईले २० औं वरीयताका टंकबहादुर कार्कीसँग




खेल्नेछन्। दोस्रो वरीयताका भुवन नगरकोटीले १९ औं वरीयताका सन्जोक मोक्तान खेल्नेछन्। त्यस्तै पहिलो चरणमा जयराम श्रेष्ठले कृष्णमान राजवाहक, रवि खड्काले प्रदीप कुमार लामा, संजय लामाले रमेश अधिकारी, दीनेश प्रजापतिले सूर्य प्रसाद शर्मा, धनबहादुर थापाले बलभद्र राई तथा रामे मगरले भुवनकुमार रोक्काको सामना गर्नेछन्।

भारतको व्यावसायिक गल्फ प्रतियोगिता पिजिटिआईको छनोट खेल्न भारत प्रस्थान गरेकाले चौथो वरीयताका निरज तामाङ सहभागी छैनन् । त्यस्तै राजेन्द्र थापामगर (१४), पूर्ण शर्मा (१६) र तिर्थ पौडेल (१८) पनि उपस्थित हुने छैनन्।

प्र ति यो गि ता को विजेताले ६० हजार रुपैयाँ प्राप्त गर्नेछन् । उपविजेताले ४२ हजार, तेस्रो स्थानले ३२ हजार तथा चौथो स्थान हासिल गर्नेले २४ हजार प्राप्त गर्नेछन्। क्वाटरफाइनल बाहिरिनेले ११ हजार र पहिलो चरणमै निस्कने गल्फरले ६ हजार पाउनेछन्।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥


## सम्पादकीय

# अपहरणकारी हत्यारालाई पक्राउ गर

मधेश प्रदेशका राजधानी जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ८ र वडा नम्बर १३ बस्ने दाजु-भाइलाई अपहरणगरी भारतमा हत्या गरिएको घटना सार्वजनिक भएको छ । २२ वर्षका विष्णु साह र २१ वर्षका रोहित साहको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले महोत्तरी जिल्लाको मनरासिस्वा नगरपालिकाका २ जनालाई नियन्त्रणमा लिएको छ । गत पुस २६ गते भारतको सीतामढी जिल्लाको परिहारस्थित मामाघर गएका थिए । उनीहरु त्यसपछि अपहरणमा परे । भारतमा गएको २ दिनपछि दुबै युवक अपहरणमा परेको खबर परिवारलाई प्राप्त भएको थियो । अपहरणकारीले परिवारसित मागेका रकम जोहो गर्न केही ढिलाइ भएको बताइएको छ । तैपनि अपहरणकारीलाई रकम दिन ठिक परेको अवस्थामा सम्पर्क टुट्यो । पीडित परिवारले रकम सहित अपहरणकारीसित सम्पर्क गर्न पटक-पटक प्रयास गरे पनि सफल हुन सकेनन् । अपहरणकारीले पीडित परिवारसित सम्पर्कका लागि प्रयोग गर्ने मोबाइलको स्विच अफ भएपछि चिन्ता बढाएको थियो । त्यस क्रममा प्रहरीले पाएको सूचना अनुसार भारतीय काउण्टर पार्टीसित समन्वयगरी ज्वाइन्ट अप्रेशन सुरु गरेको देखिन्छ । अपहरणकारीले प्रयोग गरेका भारतीय नम्बरको आधारमा प्रहरी उनीहरु सम्म पुगेको पनि छ । अपहरणकारी सम्म प्रहरी पुग्दा धेरै ढिलाइ भइसकेको देखिन्छ । अपहरित युवकद्वयलाई लुकाएर राख्न अथवा गोपनीयता भंग हुने भयले पनि अपहरणकारीहरुले हत्या गरेको हुनसक्ने आशंका पनि एउटा हुन सक्छ । किन भने दुई जना युवकलाई लामो समय लुकाएर राख्न सहज नहुन सक्थ्यो । भारतीय प्रहरीको सहयोगमा नेपाली प्रहरीले अपहरणमा संलग्न रहेकाहरुको पहिचान गरिसकेको बुझिन्छ । महोत्तरीबाट पक्राउ गरेका दुई युवकसितको अनुसन्धानमा प्रहरीले घटनाको विस्तृत जानकारी प्राप्त गरिसकेको हुनुपर्छ । प्रहरीले घटनाको सम्पूर्ण तथ्यहरु सार्वजनिकगरी अपराधीलाई हदैसम्मको सजाय हुने दफा लगाउनु पर्छ । प्रहरीले प्राप्त गरेको सूचना नै ढिला भएको बताइएको छ । यसमा परिवारजनको आपत्ति छ । उनीहरुले समयमै खबरगर्दा प्रहरीले ढिलाइ गरेको आरोप लगाएका छन् । प्रहरीले आफ्नो दायित्व निर्वाह गरेको देखिन्छ । भारतीय प्रहरीसितको सहकार्यमा अपराधी सम्म नेपाली प्रहरी पुगेको पनि छ । भारतीय प्रहरीले ४ जना भारतीय नागरिकलाई पक्राउ गरेको बताइएको छ । नेपाली प्रहरीले भारतीय मोबाइल नम्बरलाई आधार मानेर भारतीय प्रहरीको सहयोगमा अपहरणमा संलग्न रहेको आशंकामा पक्राउ गरेको छ । तर अपहरणको घटनामा पीडित परिवारले प्रहरीमाथि विश्वास गर्नु आवश्यक छ । समयमै अतिगोप्य ढंगले प्रहरीको उच्च अधिकारीलाई सूचना दिए त्यसले अपराधी सम्म प्रहरीलाई पुग्न सहज हुन सक्छ । अपहरणको विषयमा राजनीतिक नेताहरुको सहयोग भन्दा प्रहरी माथिको विश्वासले ज्यानको सुरक्षा हुन सक्छ । अपहरितलाई मुक्त गरेको प्रहरीसित अनुभव र संयन्त्र भएकाले अपहरणकारीलाई पक्राउ गर्न मद्दत मिल्नेछ । युवकद्वयको अपहरण र हत्यामा संलग्न व्यक्तिहरुलाई पक्राउ गरी तत्काल कारबाहीको दायरामा ल्याउनु आवश्यक छ ।

## भाषा विमर्श :

# मैथिली, मगही, मधेशी र ग्रियर्सन



रोशन जनकपुरी

जनमत पार्टीका अध्यक्ष डा. सी.के. राउतले र उनको पार्टीका सांसदहरुले संघीय प्रतिनिधिसभा तथा मधेश प्रदेशसभामा तथाकथित 'मधेशीभाषा'मा सपथ लिएपछि एउटा नयाँ भाषा विवाद जन्मिएको छ । नेपाल सरकारले गराएको जनगणना तथा नेपालको सम्विधानको मातृभाषाहरुमा यसको कतै उल्लेख छैन । यस दृष्टिले प्रतिनिधिसभा तथा प्रदेशसभाले तथाकथित 'मधेशी भाषा'मा अनुवाद गरिएको सपथ पत्रलाई मान्यता दिनु नै आश्चर्यजनक छ । हुन त, अहिले गठबन्धन सरकार भएको बेला नागरिकता प्रमाणपत्रको वैधानिकतामा प्रश्न उठेको व्यक्ति नै गृहमन्त्री बन्न सफल भएपछि त सम्विधानले न चिनेको भाषामा सपथग्रहण गर्न स्वीकृति दिनु ठूलो कुरो होइन । यो सरकार टिकाउन वर्तमान सरकारको निरिहतामात्र हो ।

पत्रकारहरुसंग जनमत पार्टीका प्रवक्ताले यसलाई मधेशमा बालिने भाषाहरुको 'कोड' भने । यस्तो हो भने मधेश प्रदेशमा बोलिने मैथिली, भोजपुरी, बज्जिका (र अवधि समेत) मधेशीभाषा हुनेभए । तर संघीय संसद सचिवालयको एउटा पत्रमा 'मैथिली भाषामा अनुवाद गरिल्याएको' र 'त्यसैलाई मधेशी भाषा भनेर जिद्दी गरेको' उल्लेख गरिएको छ । यसबाट के बुझिन्छ भने भाषाको क्षेत्रमा आफूलाई फरक देखाउन र चर्चित हुन यो बलजफ्ती प्रयत्न हो । यद्यपि जसरी तराई मधेशमा बोलिने भाषाहरुलाई ' कोड' भाषा भनेर अधिकृत गर्न खोजेको देखिन्छ, त्यो मैथिली मात्र होइन, भोजपुरी, बज्जिका र अवधी समेतले निधार खुम्च्याउनु पर्ने विषय हो ।

यस विषयमा भोजपुरी, बज्जिका र अवधी भाषिक क्षेत्रमा यस प्रति खासै चासो देखिँदैन । मैथिलीभाषिक क्षेत्रमा भने यसले विरोध र आक्रोश देखिएको छ । विशेषगरी मैथिली भाषा र सँस्कृतिको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु यसका विरुद्ध सक्रिय देखिएका छन् । सपथग्रहणको बेला सडकमा सामान्य विरोध देखिएपनि अहिले यो विज्ञप्ति र सर्वोच्च अदालतमा मुद्दाको स्थितिसम्म छ । उनिहरुले यसलाई मैथिली भाषाको अस्तित्वमाथीको प्रहारको रुपमा देखेका छन् । विशेष गरेर गणतन्त्रको स्थापनापछि मैथिलीभाषाभित्रको अन्तर्विरोध र अन्तर्द्वन्द्व तथा भाषिका(बोली) भिन्नतालाई आधार बनाएर मैथिलीभाषिक समुदायलाई विभाजित गर्ने प्रयत्नमा यसलाई नयाँ श्रृंखलाको रुपमा यसलाई हेर्न सकिन्छ ।

क्षेत्रीय भुगोलको दृष्टिले मैथिलीभाषामा विविध भाषिका (बोली)हरु छन् । तरपनि, तथाकथित उच्चजातीय (ब्राह्मण र कायस्थ लगायत) र अभिजात्य समुदायले बोल्ने तथा श्रमजीवि जातिहरुले बोल्ने बोलीमा भिन्नता छ । सत्ताको सबै क्षेत्रमा प्रायः यिनै उच्चजातीय तथा अभिजात्य समुदायको प्रभुत्व रहेकोले श्रमिजीवि समुदायको सँस्कृति र जीवनव्यवहारलाई हेय र हीन मानिए जस्तै यिनीहरुको बोलीपनि सत्तावर्गीय उच्चजातीय र अभिजात्यसमुदायको निम्ती हेय र हीन मानिँदै आएको छ । त्यसकारण श्रमजीवि जातिहरु (यादव,धानुक, कुर्मी, सूँडी, तेली, खत्वे, तत्मा आदि, वर्णाश्रमको श्रेणीमा ब्राह्मणेत्तर वैश्य र शूद्रजातीय)को बोलीलाई ठेठी मैथिली भनियो । (ठेठशब्दको अर्थ ग्रामीण हुन्छ ।)यद्यपि मैथिलीभाषाको ऐतिहासिक विकासको अध्ययन गर्दा के देखिन्छ भने अहिलेपनि मैथिलीका मौलिक शब्दहरु श्रमजीवि जातिहरुले बोल्ने ठेठी मैथिलीमै जीवित छन् । तथाकथित शुद्ध मैथिली संस्कृतबाट आएका तत्सम शब्दहरुको कब्जामा देखिन्छ । तर मैथिलीभाषाको भाषिक सत्तामा उच्चजातीय र अभिजात्य समुदायले बोल्ने 'शूद्ध मैथिली'को बहुआयामिक वर्चस्व देखिन्छ । विशेष गरेर पाठ्यक्रम र साहित्यमा संस्कृतिनिष्ठ मैथिलीको प्रभाव छ । यो प्रभाव कतिसम्म जब्बर छ भने सत्तावृत्तमा रहेका श्रमजीवि जातिका विद्वानहरुले समेत 'शुद्ध मैथिली' लेखनमा गर्व अनुभूत गर्ने गर्छन् । यसले मैथिलीभाषिक क्षेत्रमा देखिने 'शुद्ध मैथिली' र 'ठेठी मैथिली'को अन्तर्विरोधभाषामा बोली (भाषिका, डायलेक्ट)को हो भने साँस्कृतिकक्षेत्रमा हिन्दु वर्णाश्रमबाट उत्पन्न ब्राह्मणवादी विभेदको समस्या हो ।

आधुनिक राजनीतिक तथा साँस्कृतिक चेतनाहरुको विश्वव्यापी प्रसारको कारण राजनैतिक सत्तामा केही अंशमा नै भएपनि श्रमजीवि जाति (वर्ग होइन)को अगुआहरुले घुसपैठ गर्न सफल भएको देखिन्छ । तर भाषिक सत्तामाश्रमजीवि जातिहरुका विद्वानहरुले घुँडा टेकेको स्थिति छ । ठीक यसै बिन्दुमा सत्ताका अवसरवादी राजनीतिक शक्तिहरुले मैथिली भाषाभित्रको भाषिकाहरुको अन्तर्विरोधलाई दुई फरक भाषाको रुपमा परिवर्तन गर्न चाहन्छन् । उनिहरु साँस्कृतिक अन्तर्विरोध र आक्रोशलाई भाषिक अन्तर्विरोधमा रुपान्तरण गर्न चाहन्छन् । तर यो घातक हो । यो ग्रामीण क्षेत्रमा बोलिने ठेठी मैथिलीको अस्तित्व समाप्त पार्ने अत्यन्त खतरनाक खेल हो ।

नेपालमा सबैभन्दा बढी बोलिने भाषा मध्ये दोस्रो मैथिलीमा राजनैतिकरुपमा पहिलो हमला मैथिलीभाषी क्षेत्रमा हिन्दीलाई मातृभाषाको रुपमा जनगणनामा लेखाउने दुष्प्रयत्नको रुपमाभयो । यो सफल हुनसकेन । यसछि दोस्रो हमला मधेशप्रदेशमा एउटा खास जातिविशेष समुदायले मैथिली नै बोलेपनि आफूलाई गंगा नदीभन्दा दक्षिणी क्षेत्रमा बोलिने मगहीभाषीलाई मातृभाषाको रुपमा अभियाउनु चलाउनु थियो । कोड भाषाको रुपमा मान्ने हो भने त जनमत पार्टीले भनेको मधेशीभाषा मैथिली, भोजपुरी र अवधी, लगायत तराई मधेशमा बोलिने सबै मातृभाषीहरु प्रभावित हुने स्थिति छ ।तर संघीय र प्रदेश संसदमा प्रस्तुत गरिएको सपथ पत्रमा मैथिलीमा लेखेर मधेशीभाषाको दावीलाई मैथिलीमाथीको तेस्रो हमला भन्न सकिन्छ । ब्राह्मणवाद विरोधी कोणबाट हेर्ने हो भने यसबाटपनि ठेठी मैथिलीको अस्तित्व नै प्रभावित हुने देखिन्छ । यो उचित होइन । आफ्नो राजनीतिक स्वार्थपूर्ति गर्नको निम्ती सांस्कृतिक उत्तेजना फैलाएर कुनै समुदायको भाषिक परिचय नै समाप्त गर्न खोज्नू ठिक होइन ।

निश्चय नै मैथिलीभाषी समुदायमा उच्चजातीय ब्राह्मणीय र ब्राह्मणेत्तर समुदायहरुको भाषिक सत्तामा वर्चस्वको अन्तर्द्वन्द्व छ, तर यो तथाकथित शुद्ध मैथिली र ठेठी मैथिलीको द्वन्द्व हो । त्यसैले साहित्य होस वा पाठ्यक्रम वा मानक सबै क्षेत्रमा ठेठी मैथिलीको वर्चस्वको निम्ती राजनैतिक र साँस्कृतिक संघर्ष र प्रयत्नहरु नै सही दिशा हुनसक्छन् । मैथिलीको भाषिक सत्तामा ब्राह्मणीय मैथिली (शुद्ध मैथिली)को वर्चस्व रहेपनि व्यक्तिको रुपमा उच्चजातिय विद्वानहरु संगै श्रमजीवि जाति(वर्ग होइन)का, डा. रामावतार यादव, डा. योगेन्द्र यादव, रामरोस कापडि रामनारायण देव प्रभृत्त अनेकौं विद्वानहरु सत्ताकेन्द्रमा निर्णायक र प्रभावशाली छन् । उनिहरुले मैथिलीभाषी क्षेत्रमा बहुसंख्यकले बोल्ने ठेठी मैथिलीको पक्षमा सचेतरुपमा लेखन गर्नुपर्छ । यसोभन्नुको तात्पर्य सबै दायित्व ठेठी मैथिली समुदायबाट आएका विद्वानहरुको हो भन्ने होइन, सचेत र भाषिक अधिकारप्रति इमान्दार अन्य विद्वान तथा भाषाविद्हरुको दायित्वपनि उत्तिकै हो । एकातिर उच्चजातीय समुदायको वर्चस्व, अर्कोतिर श्रमजीवि समुदायमा भाषिक अगुआको अभाव र अर्कोतिर आफूले बोल्ने भाषाप्रति गर्वप्रतिको अज्ञानताले राजनीतिक अवसरवादी विद्वान र राजनीतिबाजहरुलाई जनसमुदायबीच भ्रम सृजना गर्ने मौका दिएको यथार्थ बुझ्न आवश्यक छ । वस्तुतः मैथिलीभाषी क्षेत्रमा बोलने बहुविध बोलीहरु बारे जनसमुदायलाई अवगत गराउन सकिएन भने ठेठी मैथिलीको अस्तित्व प्रभावित हुने खतरा छ ।

यसै क्रममा उन्नाइसौं शताब्दीको अन्तिम र बीसौं शताब्दीको प्रारम्भमा भाषा सम्बन्धी व्यापक सर्वेक्षण गराएका तथा प्रायः दक्षिणएसियाका भाषाहरुबारे कृतिहरु प्रकाशित गरेका तत्कालीन अँग्रेज अधिकारी जर्ज अब्राह्म ग्रियर्सनको उत्तरी भारतका भाषाहरु बारेका धारणाहरुको चर्चा गर्नु सान्दर्भिक होला । हुन त उनले तत्कालीन भारतीय क्षेत्रको भाषाहरुको मात्र सर्वेक्षण गराएका थिए, तर हालको चुरे पर्वत श्रृंखलाभन्दा दक्षिणको तराई क्षेत्रमा बस्ने भाषिक समुदायपनि त्यससंग मेल खाने हुनाले यस क्षेत्रको भाषाबारे पनि ग्रियर्सनको भाषिक निष्कर्षहरुले मेलखान्छ, महत्व राख्छ । यस लेखमा विवेचित मैथिली, मगही र मधेशी भाषा बारेपनि उनले चर्चा गरेकोले यहाँ सामान्य चर्चा गर्नु उचित नै हुनेछ । यस सम्बन्धमा उनका दुईवटा पुस्तकहरु लिंग्विस्टिक सर्वे अफ इन्डिया (१९०३), 'एन इन्ट्रोडक्सन टू द मैथिली डाइलेक्ट अफ द बिहारी ल्याङ्गवेज एज स्पोकेन इन बिहार पार्ट १ : ग्रामर, कलकत्ता, (१८८१) महत्वपूर्ण छन् । ग्रियर्सनले एउटा लिखित पाठलाई सबै भाषिक क्षेत्रमा पठाएर त्यसको अनुवाद संकलन गरेका थिए । र, यस आधारमा उनले विविध भाषाहरुबीचको भिन्नता, भाषाहरुको मौलिकता र व्यापक क्षेत्र तथा कुनै भाषाभित्रको भाषिका तथा त्यसको क्षेत्रीय परिचय निर्धारण गरेका थिए ।

अन्य विद्वानहरु जस्तै ग्रियर्सनलेपनि साँस्कृतिक मिथिला र मैथिलीभाषाको भौगोलिक सीमा पूर्वमा कोशी, पश्चिममा गन्डकी, उत्तरमा (चुरे) हिमालय र दक्षिणमा गंगा मानेका छन् । उनले मैथिलीभाषी क्षेत्रलाई पाँचवटा क्षेत्रमा बाँडेका छन् : स्टैन्डर्ड मैथिली, साउदर्न (दक्षिणी) मैथिली, ईस्टर्न (पूर्वी) मैथिली (छिकाछिकी मैथिली), वेस्टर्न (पश्चिमी) मैथिली र जोलहा मैथिली । ग्रियर्सन अँग्रजी अधिकारीको रुपमा सदर मुकाम गरेर मधुबनीमा बसेका थिए । अर्को कुरा उनका नजिक र सल्लाहकार मैथिली विद्वानहरु उच्चजातीय ब्राह्मण र कायस्थहरु नै थिए । त्यसरी नै व्याकरणीय अनुशासनबद्ध लिखित पाठहरुपनि संस्कृतनिष्ठ मैथिली नै उनलाई सहजरुपमा उपलब्ध थियो । अन्य मैथिलीबोलीहरुमा लिखित पाठ थिएन । त्यसैले उनले मधुबनी, दरभंगा र पुर्णियाको मैथिलीबोलीलाई स्टैन्डर्ड मैथिली भने । यो उनको सत्तावर्गीय अभिजात्य चरित्र थियो, जस्ले बहुसंख्यक श्रमजीवि समुदायले बोल्ने मैथिलीको मौलिकतासंग प्रभावित हुन दिएन । यही स्टैन्डर्ड मैथिली अहिले शुद्ध मैथिलीको रुपमा विकसित भएको छ । हुन त नेपालको उच्चजातीय र अभिजात्यवर्गले बोल्ने शुद्ध मैथिली दरभंगा र मधुबनीकाले बोल्ने भन्ने केही भिन्न छ, तरपनि अन्तर्विरोधको रुपमा शुद्ध मैथिलीको अन्तर्विरोध त्यसैबाट प्रेरित छ ।

आउनुस यहाँ ग्रियर्सनको सर्वेक्षणमा संकलित मैथिलीका केही विविध बोलीहरु हेरौं । यहाँ स्टैन्डर्ड मैथिली बाहेकका प्रस्तुत गरिएको छ :

(१) **छिकाछिकी मैथिली** (**मुंगेर, भागलपुर, सन्थाल परगना**)

"एक आदमीके दूटा बेटा रहै । ओकरामैं से छोटका अपनो बाप से कहलकै कि बाबू जे धन हमरा बखरा मैं होय ऊ हमरा दै दे । एकरा परऊ अपनो धन ओकरा बाँटी देलकै । आरो थोड़ी दिन भी नय बितलै कि ओकरो छोटका बेटा सब अपनो धन इकट्ठा करि के कोइ दोसरो देश घूमै लै चली गेलैआरो वहाँ अपनो सब धन के ऐश जैस मैं खरच करी देलकै । तबे ही मुलुक मैं बढी अकाल पडलै आरु ऊ कंगाल होय गेलै ।"

(२) **पूर्वी दक्षिणी** (**संथाल परगनाको देवगढ सबडिभीजन**)

"एक आदमीके दू बेटा छलै । ओकरा मे से छोटका अपना बाप के कहलकै, हो बाबु, हमरा हिसा मे जे मालजाल होत से बाँटि दे । तब बाप सभे मालजाल बाँटि देलकन ।"

(३) **पश्चिमी मैथिली** ( **तत्कालीन मुजफ्फरपुर जिल्ला** (**हालको मुजफ्फरपुर, सीतामढी**) **को चम्पारणसंग जोडिएको भोजपुरी विशेषभाषिका बाहेकको क्षेत्र**) :

"हम भैंस खोल क मुदै के दूरा पर से लेले जाइत रही । पैंडा मैं चौकीदार से भैंट हो गेल । ऊ हमरा के ध क थाना मैं ले गेल ।....हम्मर खेत दू बेर ई भैंस चर गेल ह । ...दू पाजा धान काट लेले छथ । देवापुर कररिआ से छौ कोस है ।"

(४) **दक्षिणी मुजफरपुरको मैथिली**(**भोजपुरी प्रभाव** (**केन्द्र र दक्षिणी मुजफरपुर**) ।**हाजिपुर सबडिभिजनमा रेकर्ड गरिएको** :

"एक जना के दूगो बेटा रहलइन । ओकरा मे से छोटका अपना बाबूसे कहलकइन हो बाबू धन के बखरा जे कुछ हमर हो से द । तो ऊ ओकनो के बाँट देलकइन ।....बाबू हो ईसर के इहाँ ओ तोहरा इहाँ पाप कैली । अब ऐसन नही के तोहर बेटा कहाई ।"

(पश्चिमी मैथिली र दक्षिणी मुजफ्फरपुरको मैथिली क्षेत्र जो गंगाभन्दा उत्तर हाजीपुरदेखी एउटा सानो बेल्टको रुपमा नेपालको रोतहट र सर्लाहीको पश्चिमी भेगसम्म पुग्छ, हाल बज्जिकाको रुपमा परिचित छ ।)

(५) जोलहा बोली (उत्तर बिहार र तथा नेपालका मैथिलीभाषी क्षेत्रमा मुस्लिम समुदायले अरबी, इरानी र उर्दू शब्दहरु मिसिएको मैथिली । यहाँ ग्रियर्सनले दरभंगाका मुस्लिमहरुले बोल्ने भाषिका उल्लेख गरेका छन् ) :

"कोनो आदमी के दो बेटा छलैन । ओई मैं से छोटका बेटा अपना बाप से कहलन हे बाप, धन मैं से हम्मर हिस्सा होय से हमरा बाँट दअ ।...ओकर घरबाला ओकरा खेत मैं सूअर चराबे भेजलकै । तब ऊ छीमडि मे जे सूअर आए अप्पन पेट भरे चाहलक और कोए ने ओकरा कुछ दईक ।...."

ग्रियर्सनले मगही भाषालाई गया र पटना गरि दुई भागमा विभाजित गरेका छन् । उनको सवेक्षणले मगहीलाई गंगाभन्दा दक्षिणको तथा केही मात्रामा गंगााको उत्तरी तटमा बोलिने भाषाको रुपमा उल्लेख गरेका छन् । उनले मगहीको भाषिक क्षेत्र गया, पटना, मुंगेरको दक्षिणी गंगेटिक क्षेत्र, हजारीबाग, पलामु, छोटा नागपुर, सन्थाल परगानाको दक्षिणी क्षेत्र, दक्षिणी राँची (भोजपुरी प्रभावित), केही बंगाल र उडीसासंग जोडिएको क्षेत्र भनेका छन् ।

(६) (**क**) **गयाक्षेत्रमा बोलिने मगही** :

"एगो आदमी के दू गो बेटा हलथिन । उनकँही मे से छोटका बाप से कहलक के ए बाबू जी, तोहर चीज बतुस मे से जे हमर बखरा हो है से हमरा दे द । तब ऊ अपन सब चीज बतुस उनकनही दुनौं मे बाँट देलक ।....हमनी के उचित है के खुशी मचावौं आउ आनन्द करी, काहे के तोर ई भाई मर गेलउ हल जीलउ है, भुलल गेलउ हल मीललउ है ॥"

(**ख**) **पटना क्षेत्रमा बोलिने मगही** :

"...झूठ डर के मारे अइसन डरइत हलो कि जेकर हाल हम न कह सकियो । का भेल कि जब हम सब पहार के किनारे किनारे बजार से अवइत हलो तब पहार के उपरे बाघ बहुत जोर से गरजइत हल ।...से पथर नीचे बिगइत हलै, सेई बीसो हाथ नीचे खडबडाइते अवइत हलइ ।..."

(७) **मधेशी**

ग्रियर्सनका अनुसार मुजफ्फरपुरको पश्चिमी सीमा क्षेत्रमा जति जति पश्चिम गयो मैथिलीको प्रभाव घटदै र भोजपुरीको प्रभाव बढदै जान्छ । यसै क्रममा गन्डक नदीको तटवर्ती क्षेत्रमा ढाका थानाको दुई माइल चौडा र अठार माइलको क्षेत्रमा बोलिने भाषामा भोजपुरीको प्रभाव बढी र मैथिलीको प्रभाव कम पाइन्छ । यो उत्तर पूर्वी सारण र पूर्वी गोरखपुरको भाषासंग मिल्दो छ । यो पहिलो नजरमा भोजपुरी जस्तो देखिएपनि प्रवृत्तिको दृष्टिले मैथिली नै हो । यो दुईभाषाको बीचको भएर होला, स्थानीय स्तरमा यो बोली मधेसीको रुपमा चिनिन्छ । यसलाई केहीले गोरखपुरी भनेपनि ग्रियर्सनले यसलाई उपयुक्त मानेका छैनन् । यो बोली बोलिने क्षेत्र सारण जिल्लामा पर्ने हुनाले र यो प्राचीन मिथिलाका भौगोलिक सीमाभित्र पर्ने हुनाले उनले यसलाई मैथिली नै भनेका छन् । यसको उदाहरण हेरौं :

"कवनो आदमी का दुगो बेटा रहे । छोटका वापसे कहलक के ए बाबु धनमैं जे हमार बखरा होखे से हमार दे दी । तब ऊ ओकनी के आपन धन बाँट देलक । ढेर दिन नाही बीतल के छोटका बेटा साजी चीज जुगताके बहरा चलगइल आ उहाँ लुचपन मे अपन सजी लुटा देलक ।

(**पृष्ठ ३००, लिंग्विस्टिक सर्वे अफ इन्डिया**)"

मैथिली, मगही र मधेशी बोली बारे यहाँ प्रस्तुत तथ्यहरुले के देखिन्छ भने अहिले नेपालको मैथिलीभाषी क्षेत्रमा राजनीतिक आग्रहको आवरणमा आएको भाषिक प्रयत्नहरु मैथिली, विशेष गरेर यस क्षेत्रको आफ्नो ठेठी मैथिलीप्रतिको प्रहार हो । निश्चितरुपमा मैथिलीभाषी समाजमा साँस्कृतिकरुपमा ब्राह्मणवाद र ब्राह्मणेत्तरको अन्तर्विरोध बलियो छ । तर यो यस क्षेत्रमा मात्र होइन, समग्र तराई मधेश र समग्र देशकै समस्या हो । यस्तोमा उत्पीडित वर्ग र समुदायबीचको भाषिक र साँस्कृतिक एकताले मात्र सकारात्मक परिणाम ल्याउन सक्छ । यो ब्राह्मणवादको विरुद्ध उत्पीडित समुदायको साझा संघर्षको निम्तीपनि जरुरी छ ।यस्तोमा राजनीतिक दलहरु मात्र होइन, भाषिक र साँस्कृतिक समुदायहरु सचेत हुनु आवश्यक छ ।

# नेपालमा आत्महत्याको डरलाग्दो तथ्यांक र रोकथामका कार्यक्रम कार्यान्वयनको अपरिहार्यता



सुरेन्द्र अवस्थी

'दाइजोको कारण विहे भाँडिएपछि युवतीद्वारा आत्महत्या', 'प्रेममा धोका पाएकी युवतीद्वारा आत्महत्या','ऋण तिर्न नसक्दा आत्महत्या'। पछिल्ला केही वर्षयता पत्रिकाहरुको हेडलाईन बनेर सतहमा आएका यी प्रतिनिधिमुलक घटना मात्रै हुन्। सतहमा देखिएको भन्दा कैयौं गुणा बिकराल सामाजिक समस्याको रुप लिइसकेको छ आत्महत्याले। माथिका हेडलाईनहरुबाट सहजै अनुमान गर्न सकिन्छ कि आत्महत्याका पछाडि एक मात्र ठोस कारण छैन। यसका अनेकौ सामाजिक, आर्थिक, मनोवैज्ञानिक कारणहरु छन्। यीमध्ये अधिकांश कारणहरु व्यक्ति,परिवार, समूदाय, समाज, संस्था र सरकारको उचित प्रयासबाट समयमै निवारण वा न्युनिकरण गरी प्रभावकार रुपमा आत्महत्या रोकथाम गर्न सकिन्छ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा वर्षेनी ७ लाख र प्रत्येक ४० सेकेन्डमा एक जनाले आत्महत्या गर्ने गरेका छन्। नेपाल प्रहरीसँग उपलब्ध तथ्याङ्क अनुसार नेपालमा पनि औषतमा वर्षेनि ६ हजार भन्दा बढी र दैनिक १८ जनाले आत्महत्या गर्ने गरेका छन्। विश्वमा आत्महत्या कुल मृत्युको पन्ध्रौं प्रमुख कारण, १५-१९ वर्ष उमेर समूहमा मृत्युको चौथो प्रमुख कारण र महिलाहरूमा तेस्रो प्रमुख कारणको रुपमा रहेको छ। आत्महत्याको जोखिम बढी भएका विश्वका मुलुकहरुमध्ये नेपाल सातौं स्थानमा पर्छ। नेपाललगायत विकासशील मुलुकहरुमा आत्महत्यासम्बन्धी विभिन्न सामाजिक लाञ्छना, धार्मिक कारण र सामाजिक मनोवृत्ति, उपयुक्त अभिलेखीकरणको अभाव तथा सिमित अनुसन्धान आदिका कारणले भरपर्दो तथ्याङ्कको कमी छ।

आत्महत्या विश्वव्यापी सामाजिक समस्या भएता पनि ७८ प्रतिशत आत्महत्याका घटनाहरु विकासोन्मुख देशहरुमा हुने गरेको तथ्याङ्क छ । आत्महत्याबाट जति मानिसको मृत्यु भइरहेको हुन्छ। त्यसको तुलनामा आत्महत्याका प्रयास गर्नेहरुको संख्या २० देखी २५ गुणाले बढी हुने गर्छ। प्रायःजसो महिलाहररुले पुरुषहरुको तुलनामा बढी आत्महत्याको प्रयास गर्ने तथ्य छ। तर, तथ्याङ्कका अनुसार पुरुषहरुले आत्महत्याको खतरनाक तरिका अपनाउने हुनाले पुरुषहरुले महिलाहरुको अनुपातमा बढी आत्महत्या गरेको पाइन्छ। विश्वमा आत्महत्याका माध्यमहरुमध्ये विष सेवन, झुण्डिएर तथा शरीरमा आगो लगाएर गर्ने आत्महत्या प्रमुख रहेको डब्ल्युएचओको तथ्यांकमा उल्लेख छ। नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा कुल आत्महत्यामध्ये ८३ प्रतिशतले झुन्डिएर,१५ प्रतिशतले विष सेबन गरेर र २ प्रतिशतले हाम फालेर, पानिमा डुबेर, औजार तथा हातहतियार प्रयोग गरेर, आगो लगाएर, करेन्ट लगाएर वा अन्य तरिकाबाट आत्महत्या गरेको पाईन्छ।

**नेपालमा आत्महत्याको अवस्था**

नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा बिगत तीन वर्षमा मात्रै २० हजार २२३ जनाले आत्महत्याबाट ज्यान गुमाएका छन्। वार्षिक रुपमा केही तथ्यांकीय उतारचढाव आएता पनि समग्रमा आत्महत्या दर उच्च नै रहेको छ। नेपालले दिगो विकास लक्ष्यमा सन २०३० सम्म आत्महत्याको दरलाई ४.७ प्रति लाखमा झार्ने प्रतिबद्धता गरेको छ। तर आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कको आधारमा हाल नेपालमा आत्महत्याको मृत्यु दर २३.३ प्रति लाख रहेको छ। आत्महत्याको मृत्यु दरको गति यही स्थितिमा अगाडि बढ्ने हो भने निर्धारित समयमा दिगो विकास लक्ष्यको आत्महत्याको मृत्यु न्युनिकरण सूचक हासिल गर्न असम्भव जस्तै छ।

तथ्याङ्क अनुसार समग्रमा महिला भन्दा पुरुषमा आत्महत्याको दर बढी देखिन्छ। तर बालक/किशोर र बालिका/किशोरीहरुले गर्ने आत्महत्या दरलाई विश्लेषण गर्ने हो भने कुल बालक/किशोर र बालिका/किशोरीहरुले गर्ने आत्महत्यामध्ये ६० प्रतिशत भन्दा बढी बालिका/किशोरीहरुले गर्ने गरेको पाइन्छ। नेपालमा सामाजिक दबाब, बालविवाह, लैङ्गिक भेदभाव र शिक्षाको अवसरबाट बन्चित जस्ता समस्याहरूको सामना गरिरहेका बालिका/किशोरीहरुलाई आवश्यक पारिवारिक र सामाजिक सहयोगको अभावका कारण आत्महत्या गर्ने दर बालक/ किशोरको तुलनामा बढी रहेको अनुमान गर्न सकिन्छ । विगत तीन वर्षको तथ्याङ्क हेर्दा काठमाडौं उपत्यकामा हुने आत्महत्या दरमा कुनै उल्लेखनीय परिवर्तन आएको देखिदैन। आ.ब २०७६/७७ देखि आ.ब २०७८/७९ सम्म स्थिर जस्तै देखिन्छ। समग्र कर्णाली प्रदेश भन्दा काठमाडौं उपत्यकामा आत्महत्या दर लभग दुई गुणाले बढी छ। विश्वब्यापी रुपमा नै ग्रामिण भन्दा सहरी क्षेत्रमा आत्माहत्या दर बढी पाईन्छ। नेपालको सन्दर्भमा पनि ग्रामिण भन्दा सहरी क्षेत्रमा नै आत्माहत्या दर बढी छ।

सहरी क्षेत्रमा आत्माहत्या दर बढनुका धेरै कारणहरु हुनसक्छन। जस्तैः शैक्षिक बेरोजगारी,चरम आर्थिक संकट,बढदो आर्थिक असमानता,सामाजिक सहिष्णुताको अभाव आदि। सहरी क्षेत्रमा आत्महत्या दर उच्च हुनुको अर्को कारण सफल हुने तीव्र होड, दबाब र प्रतिस्पर्धा पनि हो। कारणबस आसफल हुँदा अपर्याप्तता र कम आत्म-सम्मानको भावना निम्त्याउन सक्छ र मान्छेलाई आत्महत्यासम्म पुऱ्याउँछ।

यसबाहेक शहरी क्षेत्रहरूमा मानिसहरूसँग परम्परागत सामाजिक समर्थन र आत्मियतामा कम पहुँच हुन्छ र सामाजिक अन्तरक्रियाका लागि बढी इन्टरनेट र सामाजिक सञ्जालमा निर्भर हुने गर्दछन्। यसले एक्लोपन र एक्लोपनको भावना निम्त्याउन सक्छ जसले आत्महत्याको जोखिमलाई बढाउँछ।

**मान्छे किन आत्महत्या गर्छ?**


कुनै पनि मान्छेले त्यत्तिकै आफ्नो अमुल्य जीवन समाप्त पार्दैन। यसका पछाडि धेरै कारणहरु हुन्छन्। त्यसमध्ये उदासीनतालाई आत्महत्याको मुख्य कारण मानिन्छ। सामान्यतः धेरै दिक्दारी लाग्नु, मुडमा आवश्यकता भन्दा बढी उतार-चढाव आउनु, आफूलाई एकदमै दयनीय अवस्थाको ठान्नु, जीवनप्रति रुचि नहुनु, भविश्यप्रति कुनै आशा नलाग्नु आदि उदासीनताका कारणहरु हुन्। रक्सी र अन्य लागूऔषधको प्रयोग आत्महत्याको अर्को कारण हो। केही मानिसहरु नयाँ अनुभव लिन, उदासीनता, निराशापन, नकारात्मक भावनालाई हटाउनका लागि भन्दै मद्यपान वा अन्य लागूऔषधको प्रयोग गर्दछन्। यसले कार्य शिथिलता ल्याउने तथा उदासीनता बढाउने गर्छ। साथै यसको प्रयोगले धेरै प्रकारका शारीरिक,मानसिक, भावनात्मक र आर्थिक समस्या निम्त्याउँछ। जसले गर्दा विस्तारै बाँच्ने रहरमा कमी हुदै जाँदा आत्महत्या बढ्ने गरेको पाइन्छ। दीर्घरोग पनि आत्महत्याको एउटा कारण हो। कुनै पनि शारीरिक रोगबाट लामो समयसम्म ग्रसित भइरहेर बाँच्नुको अर्थ नदेखेर कतिपय मानिसले आत्महत्याको बाटो रोज्छन्। त्यसैगरी सामाजिक, व्यक्तिगत वा मनोसामाजिक समस्याहरुले पनि आत्महत्या बढाउने गरेको छ।

**आत्महत्या रोकथामका लागि थप प्रयासहरुको आवश्यकता**

नेपालमा आत्महत्या रोकथामका लागि थुप्रै प्रयासहरु भएका छन्, केही हदसम्म ति प्रयासहरु सफल भएका होलान् र छन् पनि। तर राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिवद्ता अनुरुप अपेक्षाकृत नतिजा हासिल गर्न नसकेको तितो यथार्थ माथि उल्लेखित तथ्यांङ्कले छर्लङ्ग पारिदिएको छ। यो तथ्याङ्कले आत्महत्या रोकथामका लागी थप प्रयासहरु आवश्यक रहेको तथ्यलाई पुष्टि गरेको छ। माथि चर्चा गरिएझै आत्महत्याका पछाडि अनेकौ सामाजिक, सांस्कृतिक, वातावरणिय, आर्थिक, मनोवैज्ञानिक र जैविक कारणहरु हुने गर्दछन्। यी कारणहरुको रोकथाम एउटै व्यक्ति, संस्था वा निकायबाट सम्भव छैन। यसका लागि बहुआयामिक, बहुपक्षीय र बहुसहभागीतात्मक दृष्टिकोणबाट हेरिनुपर्छ। आत्महत्या रोकथामका लागि हरेक व्यक्ति, परिवार,समुदाय, संस्था र सरकार उत्तिकै जिम्मेवार छन्। व्यक्तिको दैनिक जीवनयापन,पारिवारिक सद्भाव, समूदायको सामाजिक आर्थिक र सांस्कृतिक अवस्था र राज्यले अबलम्बन गर्ने नीति, नियम र राज्यको शासन व्यवस्था कुनै न कुनै रुपमा आत्महत्याका लागि जिम्मेवार र उत्तरदायी छन्। त्यसकारण आत्महत्या रोकथामका लागि व्यक्ति,परिवार, समुदाय, संस्था र सरकारले आ-आफ्नो तहबाट भूमिका निर्वाह गर्नु आवश्यक छ ।

विशेषगरी सरकारका तर्फबाट मानसिक स्वास्थ्यको यो कहालिलाग्दो अवस्थालाई ध्यानमा राख्दै समुदाय र लक्षित समूह केन्द्रित मानसिक स्वास्थ्य प्रवर्द्धन र प्रभावकारी आत्महत्या रोकथाम कार्यक्रम कार्यान्वयन गर्न अति आवश्यक छ ।

# प्रदेशका मन्त्रालय घटाइ खर्चभार कटौती गर्दैछौँ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेशका मन्त्रालयको सङ्ख्या घटाउन र खर्चभार कटौती गर्न प्रस्ताव गरेको बताउनुभएको छ ।

सोमबार बिहान सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्रसिंह रावलको नेतृत्वमा प्रदेशका मन्त्री, सांसद र नेताहरूको टोलीसँग कुरा गर्दै प्रधानमन्त्रीले सोहीअनुसार केही प्रदेशमा मन्त्रालयको सङ्ख्या घटाइएको बताउनुभयो ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा उहाँले भन्नुभयो, "प्रदेशहरू आफैमा स्वायत्त भएको र कसरी काम गर्ने भन्ने विषय संविधानमा सपष्ट छ । त्यसमा केन्द्रले अनावश्यक हस्तक्षेप गर्न हुँदैन र हामी गर्दैनौँ ।"

प्रदेशका संरचना बढी हुँदा प्रशासनिक खर्च बढेको, वित्तीय सुशासन कायम हुन नसकेको जनगुनासोबारे आफू सचेत रहेको भन्दै उहाँले यसलाई पारदर्शी र मितव्ययी बनाउन जरूरी भएको बताउनुभयो ।

"मैले सत्ता साझेदार दलहरूको बैठकमा प्रदेशलाई चुस्त बनाउने र वित्तीय सुशासन कायम गर्ने प्रस्ताव गरेको छु । त्यसमा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीलगायत सबै नेताहरू सहमत हुनुभएको छ ।"

उहाँले प्रदेशमा सांसद कुल सङ्ख्याको १० प्रतिशत मात्र मन्त्री बन्न पाउने निर्णय गरेको जानकारी दिनुभयो । सोहीअनुसार केही प्रदेशहरूले मन्त्रालयको सङ्ख्या घटाइ सकेको उहाँको भनाइ छ । "यसले वित्तीय सुशासन कायम गर्नेछ, प्रदेशप्रति जनमानसमा देखिएका गुनासोहरू सम्वोधन हुनेछन्", उहाँले भन्नुभयो ।

प्रधानमन्त्रीले प्रदेशहरूले नीतिगत र स्थानीय साधनस्रोतको अधिकतम परिचालनमा प्रतिस्पर्धा गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ अथाह साधनस्रोत र सम्भावना छ । प्रदेशहरू केन्द्रप्रति निर्भर हुने अवस्था अन्त्य गर्नुपर्छ । त्यसका लागि प्रदेशमा नीतिगत प्रबन्ध, सुशासन, चुस्त व्यवस्थापन र स्थानीय साधनस्रोतको अधिकतम उपयोग र परिचालन गर्न प्रतिस्पर्धा गर्नुपर्छ ।

प्रधानमन्त्री दाहालले आफू छिटै राष्ट्रिय गौरवका आयोजना र अन्य ठूला योजनाहरूको स्थलगत निरीक्षणमा निस्किने बताउनुभयो । उहाँले भन्नुभयो, "म छिट्टै राष्ट्रिय गौरवका आयोजना र ठूला आयोजनाको निरीक्षणमा निस्किँदैछु । यसरी सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकता हासिल गर्न सकिन्छ । त्यसका लागि आवश्यक तयारी गर्नुहोला ।" रासस

# स्टार्टअप कार्यविधि र परियोजना कर्जा छिट्टै कार्यान्वयन हुन्छः अर्थमन्त्री



काठमाण्डु । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्टार्टअप कार्यविधि र परियोजना कर्जासम्बन्धी व्यवस्था छिट्टै कार्यान्वयनमा आउने बताउनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घले ललितपुरमा सोमबार आयोजना गरेको साना तथा मझौला उद्यम सम्मेलनमा बोल्दै अर्थमन्त्री पौडेलले लामो समयदेखि बन्न नसकेको स्टार्टअप कार्यविधि तयार पार्न आफूले पहल गर्ने बताउनुभयो ।

"स्टार्टअप कार्यविधि अझैसम्म पनि बन्न नसक्नु सरकारको कमजोरी हो । कार्यविधि छिट्टै पारित हुनेछ", उहाँले भन्नुभयो, "निजी क्षेत्रले माग गरिरहेको परियोजना कर्जा पनि छिट्टै कार्यान्वयनमा ल्याइनेछ ।"

साना तथा मझौला उद्योगका समस्याबारे निजी क्षेत्रले सरकारलाई स्पष्ट सुझाव दिन आवश्यक भएको उहाँको भनाइ छ । लघु, घरेलु, साना तथा मझौला उद्योगका समस्या पहिचान गरी समाधानका लागि सरकारले पहल गर्ने बताउनुहुँदै अर्थमन्त्री पौडेलले सम्बन्धित क्षेत्रको सुझाव लिएर मात्रै सही निष्कर्षमा पुग्ने भनाइ व्यक्त गर्नुभयो ।

"जुनसुकै क्षेत्रको नीति निर्माण गर्दा र निर्णयमा गर्दा सरकारले सम्बन्धित क्षेत्रको सुझाव लिएर मात्र अघि बढ्छ । कुन-कुन क्षेत्रमा कस्तो नीतिगत अस्पष्टता छ भनेर निजी क्षेत्रले स्पष्ट पारिदिन जरुरी छ", उहाँले भन्नुभयो ।

प्रक्रियागत झन्झटहरू कसरी कम गर्न सकिन्छ र सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ भनेर मुर्त र स्पष्ट सुझावको अपेक्षा सरकार गरेको उहाँले स्पष्ट पार्नुभयो । निजी क्षेत्रका समस्या सुन्ने र जायज समस्या समाधानका लागि आफूले काम गर्ने उहाँको भनाइ छ । साना र मझौला उद्यमीलाई वित्तीय क्षेत्रमा पहुँच कसरी बढाउन सकिन्छ भन्ने विषयमा निजी क्षेत्रबाट सुझाव आउनुपर्ने उहाँले बताउनुभयो ।

राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा साना तथा मझौला उद्योगको भूमिका महत्वपूर्ण रहेको पौडेलको भनाइ थियो । साथै कर्जाको ब्याजदर बढ्न नदिन पनि सरकारले पहल गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

"ब्याजदर कुनै न कुनै रूपमा मुद्रास्फीतिसँग जोडिएको हुन्छ । मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राखी ब्याजदर नियन्त्रणको पहल भइरहेको छ", उहाँले भन्नुभयो ।

नेपाल राष्ट्र बैंक स्वायत्त निकाय भएकाले अर्थ मन्त्रालयले हस्तक्षेप नगर्ने तर अहिले देखिएका समस्या समाधानका लागि जीवन्त सम्बन्ध कायम गर्दै अघि बढ्ने उहाँले स्पष्ट पार्नुभयो । त्यस्तै, सरकारी सेवा प्रवाहमा कतै समस्या देखिए भए निजी क्षेत्रले त्यसको जानकारी सराकारलाई गराउन आवश्यक रहेको उहाँको भनाइ छ ।

"कहाँ कसले र कस्तो प्रकृतिको गल्ती गरेको छ त्यसको जानकारी अर्थमन्त्रालयलाई दिनुहोस् । सरकारी निकायको काम सेवा दिने हो र कर्मचारीको काम राष्ट्र सेवा गर्ने हो । यदि कसैले दुःख दिइरहेको छ भने हामीलाई जानकारी दिनुहोला", उहाँले भन्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले साना तथा मध्यमस्तरका उद्यमहरू आकारमा साना भए पनि अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको बताउनुभयो ।

"हाम्रो अर्थतन्त्रको आधार नै साना र मझौला व्यवसाय हुन् । यो क्षेत्रमा अनेकौं समस्या छन् । कच्चा पदार्थको मूल्य बढेको छ । ब्याजदर महँगो छ । साना उद्यमीलाई कर्जा पाउन समस्या छ", गोल्छाले भन्नुभयो ।

साना र मध्यमस्तरका उद्योगका लागि परियोजनामा आधारित कर्जा उपलब्ध गराइनुपर्ने उहाँको भनाइ छ । त्यस्तै ब्याजदरमा स्थायित्व, सरल र सहज कर प्रणाली बनाउनका लागि राज्यले महत्वपूर्ण भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो ।

**निर्यात प्रवर्द्धन प्राथमिकतामा : अर्थमन्त्री**

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निर्यात प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ । उहाँले निर्यात प्रबर्द्धनका लागि नेपालमै अन्तर्राष्ट्रिय स्तरको मेला आयोजना गर्न सरकार सकारात्मक रहेको बताउनुभयो ।

सोमबार निर्यात व्यवसायी महासङ्घका प्रतिनिधिहरूसँग कुरा गर्दै उहाँले यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छलफल गरी आवश्यक निर्णय लिने बताउनुभयो ।

महासङ्घका अध्यक्ष रामबहादुर गुरुङ नेतृत्वको टोलीले अर्थमन्त्री पौडेलसँग निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मेला आयोजना गर्न माग गरेको थियो । महासङ्घले नेपाली मौलिक उत्पादनको पहुँच विश्वबजारसम्म पुऱ्याउन, निर्यातजन्य नेपाली वस्तु तथा सेवाको मूल्य तथा बजार बढाउन र निकासी सहजताका लागि आवश्यक पहल गर्न माग गरेको थियो ।

महासङ्घका अध्यक्ष गुरुङले अन्तर्राष्ट्रिय मेला आयोजना हुन सके नेपालमा उत्पादित वस्तुलाई विश्व बजारमा चिनाउन मद्दत पुग्ने बताउनुभयो । मेलामार्फत् नेपाली कला, संस्कृति, खाद्य परिकार प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको भनाइ थियो । नेपालमै अन्तर्राष्ट्रियस्तरको मेला आयोजना गर्न करिब रू १९ करोड आठ लाख खर्च लाग्ने महासङ्घको अनुमान छ ।रासस

# निर्माण गति सुस्त छ, सुधार्नुस् : संसदीय टोली

काठमाण्डु । राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको टोलीले सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको आज अवलोकन गरेको छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनका मुख्य सभा हलसहित १२ वटा भवन निर्माणको हालसम्मको भौतिक प्रगति ६१ प्रतिशत र वित्तीय प्रगति ५९ प्रतिशत रहेको छ ।



विसं २०७६ असोजमा तीन वर्षभित्र पूरा गर्ने लक्ष्यका साथ सुरु गरिएको उक्त निर्माण कार्य समयमा पूरा हुन नसक्नुलाई कोरोना प्रभावलाई मुख्य दोष देखाइएको छ । कुँदेका झ्याल र ढोका, झिँगटीको छानो रहने ती भवनमा सभाहल, पुस्तकालय, संसदीय समिति, राजनीतिक दलका संसदीय दलका कार्यालय रहनेछ ।

करिब रु पाँच अर्ब ६७ लाखको लागतमा निर्माणाधीन भवनमा विशिष्ट व्यक्ति, सांसद र अन्यका लागि बेग्लाबेग्लै तीनवटा प्रवेशद्वार हुनेछ ।

करिब एक सय २४ रोपनी क्षेत्रफल ओगटेको संसद् भवनको दायाँतर्फ राष्ट्रियसभा र बायाँतर्फ प्रतिनिधिसभा सञ्चालन हुनेछ । भवन निर्माणका लागि तोकिएको पहिलो समयसीमा सकिएपछि छ महिनाका लागि म्याद थपिएको छ । हालसम्मको प्रगति विश्लेषणले अझै कम्तीमा एक वर्ष अवधि लाग्ने निश्चित जस्तै देखिएको छ ।

भ्रमणका क्रममा संसदीय टोलीले अर्को हिउँदे अधिवेशन नयाँ भवनमा सञ्चालन हुने गरी निर्माणलाई तीव्रता प्रदान गर्न सहरी विकास मन्त्रालय र संलग्न ठेकेदार कम्पनीका पदाधिकारीलाई निर्देशन दियो ।

भवन निर्माणमा हाल दैनिक दुई सय १४ श्रमिक खटिँदै आएकामा त्यसलाई कम्तीमा पाँच गुणा वृद्धि गर्न ध्यानाकर्षण गराएको छ । नेपालको पूर्वाधार निर्माण समयमै सकिन्न, लागत दोब्बर हुन्छ, गुणस्तर हुन्न भन्ने आमजनताको बुझाइ गलत साबित गर्ने ढङ्गबाट बाँकी काम यथाशीघ्र सम्पन्न गर्न सो अवसरमा संसदीय टोलीले निर्देशन दियो ।

भवन अवलोकनपछि रासससँग कुराकानी गर्दै सभापति मायाप्रसाद शर्माले कामको हिसाबले गति धिमा देखिएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, 'अघिल्लो वर्षको तुलनामा प्रगति न्यून छ, अहिले पनि काम गराइमा सुधार देखिन्न, आवश्यक जनशक्ति परिचालन गरी छिटो बनाउन मिहेनत गर्नुपर्छ भनेर सुझाव दिएका छौँ ।'

टोलीले त्यहाँ बनिरहेको पुस्तकालय भवनको केही संरचना व्यावहारिक नभएको भनी असहमति जनाउँदै अन्तर्राष्ट्रियरुपमा अध्ययन र विश्लेषण गरी व्यवस्थित र सुधारको आवश्यकता औँल्याएको छ ।रासस

# उपसभामुख रानाद्वारा पदबहाली



काठमाण्डु । नवनिर्वाचित उपसभामुख इन्दिरा रानाले सिंहदरबारस्थित संसद् सचिवालय भवनमा पदबहाली गर्नुभएको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा पद तथा गोपनीयताको शपथ लिएपछि उहाँले सिंहदरबार आएर पदबहाली गर्नुभएको हो । उहाँलाई संसद् सचिवलयका महासचिव डा भरतराज गौतम, सचिवहरू र सचिवालयका कर्मचारीले स्वागत अभिवादन गर्नुभएको थियो ।

उहाँ यही माघ ७ गते प्रतिनिधिसभाको बैठकमा भएको निर्वाचनबाट उपसभामुखमा चयन हुनुभएको हो ।

यसअघि राष्ट्रपति विद्यादेवी भण्डारीको समुपस्थितिमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिमरेसमक्ष प्रतिनिधिसभाका नवनिर्वाचित उपसभामुख रानाले पद तथा गोपनीयताको शपथ लिनुभएको थियो ।

राष्ट्रपति कार्यालयमा आज आयोजना गरेको समारोहका बीच सभामुख घिमिरेसमक्ष उपसभामुख रानाले पद तथा गोपनीयताको शपथ लिनु भएको हो ।

सभारोहमा राष्ट्रपति भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, सभामुख घिमिरे र राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिना उपस्थित हुनुहुन्थ्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट उपसभामुखको राना शनिबार निर्वाचित हुनुभएको थियो । उपसभामुख भएपछि उहाँ पार्टीबाट अलग हुनुभएको छ ।रासस


**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय, जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०७९/१०/१० गतेको जनकपुर टुडे तथा नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

१. सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०७७/०९/०८ मा दर्ता नं. २५०८८८/०७७/०७८ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहानमा मिति २०७७/०९/१७ मा स्थायी लेखा नम्बर (PAN) ६०९८८६२६५ अन्तर्गत दर्ता कायम भएको **प्रताप कृषि फार्म प्रा.लि.** ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. अनरुद्ध व्यार सुडीको नाति, राम प्रताप व्यार सुडीको छोरा, सिरहा जिल्ला, साविक गौतारी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ८ बस्ने **विनोद व्यार** (ना.प्र.नं. २४९, जारी मिति २०५२/०२/०२, जि.प्र.का. सिरहा) ।



२. भैरव महतो सुडीको छोरी, राम प्रताप व्यार सुडीको बुहारी, विनोद व्यारको पत्नी, धनुषा जिल्ला, साविक भुचक्रपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ८ बस्ने **अंसि कुमारी साह** (ना.प्र.नं. १४७८३०१४, जारी मिति २०५८/०३/२२, जि.प्र.का. धनुषा)



**धितोको विवरण**

१. अनरुद्ध व्यार सुडीको नाति, राम प्रताप व्यार सुडीको छोरा, सिरहा जिल्ला, साविक गौतारी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ८ बस्ने विनोद व्यार (ना.प्र.नं. २४९, जारी मिति २०५२/०२/०२, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक गौतारी गा.वि.स./न.पा. वडा नं. ८ क स्थित कि.नं. ३१०५, ३१४५ र ३१४८ को क्षेत्रफल क्रमशः ०-१-१०, ०-९-६.७५ र ०-८-७.७५ (बिघा) बमोजिमको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भैरव महतो सुडीको छोरी, राम प्रताप व्यार सुडीको बुहारी, विनोद व्यारको पत्नी, धनुषा जिल्ला, साविक भुचक्रपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ८ बस्ने अंसि कुमारी साह ना.प्र.नं. १४७८३०१४, जारी मिति २०५८/०३/२२, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक गौतारी गा.वि.स./न.पा. वडा नं. ८ क स्थित कि.नं. ३१४७ र ३१८६ को क्षेत्रफल क्रमशः ०-१३-६.७५ र ०-११-२ (बिघा) बमोजिमको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. सिराहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०७७/०९/०८ मा दर्ता नं. २५०८८८/०७७/०७८ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहानमा मिति २०७७/०९/१७ मा स्थायी लेखा नम्बर (PAN) ६०९८८६२६५ अन्तर्गत दर्ता कायम भएको प्रताप कृषि फार्म प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**ऋणीको विवरण**

२. राम नन्दन मिश्रको नाती, शम्भु प्रसाद मिश्रको छोरा, महोत्तरी जिल्ला, साविक पिपरा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ बस्ने **दुष्यन्त मिश्र** (ना.प्र.नं. ७३९५३९६३, जारी मिति २०५०/०४/३२, जि.प्र.का. महोत्तरी) ।



**व्यक्तिगत जमानीकर्ताको विवरण**

शम्भु प्रसाद मिश्रको बुहारी, दुष्यन्त मिश्रको पत्नी, महोत्तरी जिल्ला, साविक पिपरा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ बस्ने **मुनिला कुमारी मिश्र** (ना.प्र.नं. ५६८७, जारी मिति २०६३/०८/१३, जि.प्र.का. महोत्तरी) ।



**धितोको विवरण**

शम्भु प्रसाद मिश्रको बुहारी, दुष्यन्त मिश्रको पत्नी, महोत्तरी जिल्ला, साविक पिपरा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ बस्ने मुनिला कुमारी मिश्र (ना.प्र.नं. ५६८७, जारी मिति २०६३/०८/१३, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. २८३ को क्षेत्रफल ०-१-०-० (बिघा) बमोजिमको घरजग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com


# समयमै राष्ट्रपतिको निर्वाचन हुनुपर्ने कांग्रेसको माग

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले निर्धारित समयमै राष्ट्रपतिको निर्वाचन गर्न सरकार र निर्वाचन आयोगसँग आग्रह गरेको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा पार्टी पदाधिकारी र पूर्वपदाधिकारीको आज भएको बैठकले सो निर्णय गरेको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो । बैठकले कुनै पनि कानुनी अड्चन देखाएर राष्ट्रपतिको निर्वाचन पछि सार्न नहुनेबारे सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराएको हो ।

बैठकमा राष्ट्रपतिको निर्वाचन समयमै गर्नुपर्ने र कुनै कानुनी समस्या भए त्यसलाई समाधान गरी निर्वाचन प्रक्रियालाई अघि बढाउनुपर्ने सम्बन्धमा छलफल भएको उहाँले बताउनुभयो । कांग्रेसले राष्ट्रपतिको निर्वाचनका सम्बन्धमा अरू दलको पनि सहयोग लिएर प्रस्तुत हुने दृष्टिकोण राखेको प्रवक्ता महतले बताउनुभयो । यसका लागि कांग्रेसले संसद्मा रहेका अन्य दलसँग पनि सरसल्लाह गर्ने जनाएको छ ।

नेपालको संविधानको धारा ६३ मा राष्ट्रपतिको कार्यकाल पाँच वर्ष हुने उल्लेख छ । राष्ट्रपति विद्यादेवी भण्डारी २०७४ साल फागुन २९ गते दोस्रो कार्यकालका लागि सो पदमा निर्वाचित हुनुभएको हो ।

यसैगरी राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ४ मा आयोगले राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्ने उल्लेख छ ।रासस

# भवन भत्कँदा सोह्र जनाको मृत्यु



एक आवासीय भवन भत्किएपछि बचेकाहरूलाई भग्नावशेष खोजिरहेका उद्धारकर्ताहरूलाई देखाइएको छ। उत्तरी सिरियाली प्रान्त एलेप्पोमा आइतबार एक आवासीय भवन भत्किँदा १६ जना सर्वसाधारणको मृत्यु हुनुको साथै अन्य चारजना घाइते भएको सरकारी समाचार एजेन्सी सानाले जनाएको छ। कुर्द बाहुल्य शेख मकसूदको छिमेकमा सात परिवार बसेको आन्तरिक मन्त्रालयले पाँच तले भवनको आधारमा पानी चुहावटका कारण भत्किएको थियो। *तस्विर : सिन्ह्वा*

**सिन्ह्वा**

अलेपो । सिरियाको दक्षिणी प्रान्तमा अलेपोमा रहेको एक आवासीय भवन भत्कँदा त्यसमा रहेका कम्तीमा पनि १६ जनाको ज्यान गएको बताइएको छ।

यहाँको एउटा साततले भवन भत्कँदा ती मानिसको मृत्यु भएको बताइएको हो। त्यस दुर्घटनामा पाँच जना बालबालिका पनि परेका छन्। प्रहरीका अनुसार उक्त भवनमा सात परिवार बसेका र ती परिवारका गरेर १६ जनाको ज्यान गएको हो।

सो स्थानका स्थानीय बासिन्दाले उक्त भवनमा ३५ जनाको बसोबास रहेको बताएका छन्। भवनका भग्नावशेषबाट एक जनालाई मात्र जीवित उद्धार गरिएको छ।

प्रहरीले मृतकको सङ्ख्या अझै बढ्न नसक्ने बताएको छ। यहाँको सरकारी समाचार समिति सानाले सो भवनको भग्नावशेषमा पुरिएको आशङ्कामा उद्धारको काम जारी रहेको जनाएको छ।

एक दशकभन्दा लामो समयदेखि जारी युद्धका कारण उत्तरी जिल्ला अफ्रिनबाट विस्थापित भएका सिरियाली नागरिक उक्त भवनमा बस्दै आएका सिरियाली गृह मन्त्रालयका अधिकारीले जनाएका छन्।

सिरियामा जारी द्वन्द्वमा परी करिब पाँच लाख नागरिकको ज्यान गइसकेको छ। अधिकांश विस्थापित सिरियाली यस्तै कमजोर प्रकृतिका भवनमा बस्दै आएका छन्।

गएकोसेप्टेम्बरमापनिअलेप्पोनजिकको फर्दवासमा एक यस्तै कमजोर भवन भत्कँदा तीन जना बालबालिकासहित दश जनाको मृत्यु भएको जानकारी गृह मन्त्रालयका अधिकारीले जनाएका थिए।

# क्रेन खस्दा भारतमा ४ जनाको मृत्यु, ६ जना घाइते

**सिन्ह्वा**

नयाँ दिल्ली। दक्षिण भारतको तमिलनाडु राज्यस्थित मन्दिरमा आयोजित उत्सवमा क्रेन दुर्घटना हुँदा चार जनाको मृत्यु हुनाका साथै कम्तीमा छ जना घाइते भएका अधिकारीहरूले सोमबार जानकारी दिएका छन्।

तमिलनाडुको राजधानी चेन्नईबाट ८५ किलोमिटर पश्चिममा रहेको रानीपेट जिल्लाको द्रौपति मन्दिरमा आइतबार राति क्रेन खस्दा सो दर्घटना भएको हो।

दुर्घटना हुँदा आठ जना भक्तजनहरु माला लिन क्रेनमा सवार रहेको बुझिएको छ। "हिजो राती द्रौपति मन्दिरमा भक्तहरूबाट मूर्ति बोक्न र फूलको माला लिनको लागि तयार पारिएको क्रेन अचानक दुर्घटना भएको थियो। सो दुर्घटनामा तीन जनाको घटनास्थलमै मृत्यु भएको र थुप्रै भक्तजन घाइते भएका थिए," प्रहरी अधिकारीले बताएका छन्। घाईते मध्ये थप एक जनाको आज बिहान अस्पतालमा उपचारका क्रममा मृत्यु भएको र मृतकको संख्या चार पुगेको हो।

स्थानीय सञ्चारमाध्यमका अनुसार घटनास्थलमा करिब एक हजार पाँच सय मानिस उपस्थित थिए।

# लिबियाको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घको आग्रह

**सिन्ह्वा**

त्रिपोली । लिबियाको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घले आग्रह गरेको छ। लिबियाका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियोग गुटरेसका विशेष प्रतिनिधिले सो आग्रह गर्नुभएको हो।

उहाँले लिबियाको आर्थिक अवस्था निकै कमजोर हुँदै गएकाले केही वर्षयतादेखि जारी सङ्कटको समाधानका लागि सहयोगका लागि आग्रह गर्नुभएको हो।

लिबियाका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधि अब्दुल्लाह बाथीले आइतबार त्रिपोलीमा आयोजित एक कार्यक्रममा सो आग्रह गर्नुभएको हो।

आइतबार लिबियाको राजधानी त्रिपोलीमा आयोजना भएको अरबका विदेशमन्त्रीहरुको एक परामर्श बैठकमा उहाँले लामो समयदेखि जारी रहेको लिबियाको सङ्कट समाधानका लागि लिबियाका छिमेकी देशहरुका साथै अरब देशहरुसमक्ष आग्रह गर्नुभएको हो।

सो बैठकपछि उहाँले ट्वीटमा लेख्नुभएको छ- विगत लामो सयमदेखि लिबिया आर्थिक लगायतको सङ्कटमा छ, त्यसैले यसका छिमेकी देशहरु, अरब देशहरुका साथै अन्य अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई आग्रह गर्दछु।

उहाँले लिबियाका सबै राजनीतिक दलहरुका साथै हाल लिबियालाई सहयोग गर्दै आएका विदेशी दाता राष्ट्रहरुले पनि लिबियाको विकासका लागि ऐक्यवद्धता जनाउनुपर्नेमा जोड दिनुभएको छ।

लिबिया राजनीतिक अस्थिरता तथा आपसरी द्वन्द्वका कारण लामो समयदेखि आर्थिक संकटमा परेको छ। हाल यहाँको आर्थिक व्यवस्थामा सहयोग गर्नुपर्ने देखिएको संयुक्त राष्ट्रसंघले बताउँदै आएको छ।

# इजिप्टका वकिलहरुको हडताल अन्त्य

**एएफपी**

कायरो। इजिप्टियन बार एसोसिएसनका सदस्यहरूले आइतबार छजना सहकर्मीहरुलाई जेल हालेको विरोधमा आयोजित एक दिन लामो हडताल फिर्ता लिएका एक विज्ञप्तिमार्फत जनाएको छ।

यस महिनाको सुरुमा अदालतमा झगडा गरेकामा आफ्ना सहकर्मीहरुलाई दुई वर्षको जेल सजायको निन्दा गर्न सङ्घले बिहीबार खुला बन्द हडतालको घोषणा गरेको थियो। बार एसोसिएसनले 'काम निलम्बन रद्द गर्ने' निर्णय गरेको विज्ञप्तिमा जनाइएको थियो।

आइतबार पुनरावेदन अदालतले ६ जनालाई रिहा गर्न र फेब्रुअरी ५ मा फैसला सुनाउने आदेश दिएपछि यो कदम आएको हो।

इजिप्टको भूमध्यसागरीय तटमा रहेको मार्सा माट्रोहमा जनवरी छ मा अदालतको सत्रमा तीन क्लर्कहरूसँगको लडाइँमा भाग लिएकामा वकिलहरूलाई बुधबार सजाय सुनाइएको सरकारी दैनिक अल-अहराम जनाएको थियो।

सङ्घले पहिले दाबी गरेको थियो कि अधिकारीहरूले 'वास्तविक औचित्य बिना' हिरासतमा राख्ने अधिकारीहरूको 'स्पष्ट मनसाय' थियो, 'वास्तविक अनुसन्धान गर्न समय नलिई उनीहरूलाई मुद्दामा ल्याउन हतार' भनी निन्दा गरेको थियो।

# वुहान सहर कोभिड-१९ सँग डराउँदैन



**एएफपी**

वुहान। कोभिड-१९ सँग अब डर नभएको चीनको वुहान सहरका बासिन्दाहरूले सोमबार जनाएका छन्। उनीहरू भविष्यका लागि आशावादी भएको र तीन वर्षअघि यो सहर लकडाउन भएका कारण रहस्यमय भाइरस भएको जनाएका छन्।

जनवरी २०२० मा बेइजिङले वुहानलाई प्रकोपलाई कम गर्नका लागि बन्द गर्न आदेश दिएको थियो। उक्त समयमा लाखौं मरेका र विश्वव्यापी अर्थतन्त्रलाई उथलपुथल भएको थियो। तर अब विश्वभरि धेरैका जीवन सामान्यमा फर्किएको र लगभग तीन वर्षको कठोर तालाबन्दी र अनिवार्य सामूहिक परीक्षणपछि, बेइजिङले गत महिना आफ्नो कट्टरपन्थी शून्य-कोभिड नीति हटाएको छ।

नयाँ वर्ष मनाउने क्रममा, व्यस्तबजार र परिवारहरूमा भीडभाड भएका स्थानीयहरू कोहीले मास्क लगाएका थिएनन्। खेलौनाहरू किन्ने र याङ्त्जे नदीको छेउमा रमाइरहेका देखिन्थयो। वुहानको सबैभन्दा प्रतिष्ठित साइटहरूमध्ये एक गुइयुआन मन्दिरमा तीन वर्षमा पहिलो पटक खोलिएको छ।

चीनमा गत जनवरी १३ देखि १९ को बीचमा लगभग १३ हजार कोभिड-१९ सङ्क्रमणको कारण मृत्यु भएको छ। गत जनवरी १२ सम्म अस्पतालमा कोभिडको कारण ६० हजार मानिसको मृत्यु भइसकेको थियो।

गत डिसेम्बरमा चीनले शून्य-कोभिड नीति त्यागेपछि यस रोगबाट ६० हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको छ।

# पाकिस्तानभरी विद्युत अवरुद्ध

**एएफपी**

इस्लामाबाद। पाकिस्तानभरी सोमबार बिजुली अवरुद्ध भएको छ। यस विद्युत अवरुद्धको कारण कराँची र लाहोरका सहरहरुसहित देशका २२ करोड भन्दा बढी मानिसहरू प्रभावित भएका छन्।

पाकिस्तानको बिजुली वितरण प्रणाली एक जटिल र नाजुक वेब हो। ग्रिडको एक भागमा समस्याले देशभरि ब्रेकडाउन निम्त्याउन सक्छ। तीन घण्टा लामो विद्युत अवरुद्ध विगत दुई वर्षमा दोस्रो पटक भएको हो। सोमबार बिहान ७:३० बजे राष्ट्रिय ग्रिडमा त्रुटि आएको कारण यस प्रकार देशभर विद्युत अवरुद्ध भएको जनाइएको छ।

'विद्युतीय प्रणाली फ्रिक्वेन्सीमा बिहान राष्ट्रिय ग्रिडमा घट्यो जसले ठूलो ब्रेकडाउन निम्त्यायो,' ऊर्जा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ। राजधानी र उत्तरपश्चिमी सहर पेशावरका केही भागमा सीमित विद्युत पुर्नस्थापनासँगै मर्मत कार्य चलिरहेको थियो।

एक करोड ५० लाखभन्दा बढी जनसङ्ख्या भएको बन्दरगाह सहर कराँची र एक करोडभन्दा बढी जनसङ्ख्या भएको लाहोर विद्युतविहीन रहेको जनाइएको छ। जनवरी २०२१ मा यस्तै ब्रेकडाउनले दक्षिणी पाकिस्तानमा देशको प्रसारण प्रणालीमा त्रुटि देखा पर्दा सम्पूर्ण देश अन्धकारमा डुबेको थियो।

कमजोर अर्थतन्त्र, राम्रो प्रबन्ध मिलाउन नसक्नु र भण्डारण सुविधाको अभाव जस्ता कारकहरूको संयोजनका कारण पाकिस्तान लामो समयदेखि ऊर्जा अभावबाट ग्रस्त छ। अस्पतालहरू प्रायजसो जेनेरेटरहरूसँग ब्याकअप हुन्छन् जबकि विद्यालयहरूले आफ्नो कक्षा कोठा तताउन ग्यास प्रयोग गर्छन्।

यस हिउँदमा लोडसेडिङले घरेलु घरपरिवार र कपडा उत्पादनलगायतका उद्योगहरूलाई असर गरेको छ, पाकिस्तानको सबैभन्दा ठूलो उद्योगहरूमध्ये एक, केही प्लान्टहरू अस्थायी रूपमा बन्द छन्।

# दशौं राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाडको आवेदन खुला

काठमाण्डु। विद्यालय तहका विद्यार्थीको प्रतिभा पहिचानका लागि गरिने दशौं राष्ट्रिय एष्ट्रोनोमी ओलम्पियाडका लागि आवेदन खुला गरिएको छ। विद्यालय तहका विद्यार्थीको प्रतिभा पहिचान तथा प्रवर्द्धनका लागि सन् २०१४ देखि सञ्चालित कार्यक्रममा यसवर्ष कक्षा ८ देखि १२ सम्मका विद्यार्थीले आवेदन दिन सक्नेछन्।

विद्यार्थीको तहगत सिकाइलाई ध्यान दिंदै सन् २०१९देखि राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड कनिष्ठतर्फको प्रतियोगिता थप गरिएको हो। वरिष्ठतर्फ भने यो प्रतियोगिता सन् २०१४ देखि नै सुरु भएको थियो। हाल वरिष्ठ र कनिष्ठ गरी दुई विधामा यो प्रतियोगिता आयोजना गरिन्छ। कनिष्ठतर्फ जनवरी १, २००८ पछि जन्मिएका कक्षा ८-१० सम्मका विद्यार्थीले भाग लिन पाउने आयोजक संस्था नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो।

वरिष्ठतर्फ जुलाई १, २००३ पछि जन्मिएका कक्षा ११-१२ का विद्यार्थीले भाग लिन पाउने छन्। ओलम्पियाडको पहिलो चरणअन्तर्गत छानोट परीक्षा प्रादेशिक चरणमा आयोजना गर्दिंदै छ। आगामी फागुन १३ गते शनिबार मध्याह्न १२ बजेदेखि २ बजेसम्म इटहरी, जनकपुर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत तथा धनगढीमा पहिलो चरणको प्रतियोगिता आयोजना गरिने भएको छ।

इच्छुक विद्यार्थीले आफूलाई पायक पर्ने सम्बन्धित प्रदेशका सोसाइटीका संयोजक वा केन्द्रीय कार्यालयमा सिधैं आवेदन फारम बुझाउन सक्ने जनाइएको छ। पहिलो चरणमा गरिएको प्रदर्शनका आधारमा दोस्रो अर्थात् राष्ट्रिय चरणमा सम्बन्धित प्रदेशका विद्यार्थीलाई सामेल गराइनेछ।

दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई तेस्रो तथा अन्तिम चरणमा सहभागी गराइने सोसाइटीले जनाएको छ। तेस्रो चरणको मूल्याङ्कनमार्फत् सहभागी विद्यार्थीलाई यो वर्ष कनिष्ठतर्फकालाई ग्रीसमा र वरिष्ठतर्फका विद्यार्थीलाई पोल्यान्डमा आयोजना हुने अन्तर्राष्ट्रिय एस्ट्रोनोमी तथा एस्ट्रोफिसिक्स ओलम्पियाडमा भाग लिन सिफारिस गरिने कार्यक्रम छ। रासस

# नेपाल टी-२० लिगमा स्पट फिक्सिङ गरेको आरोपमा दुई क्रिकेटर पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल टी-२० क्रिकेटमा स्पट फिक्सिङ गरेको आरोपमा दुई क्रिकेटर पक्राउ परेका छन्। केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले दुई जना क्रिकेटरलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा आदिल अन्सारी र मेहबुब आलम रहेको सिआइबी स्रोतले जनाएको छ।



सुरूदेखि नै विवादमा परेको लिगमा स्पट फिक्सिङ भएको भन्ने उजुरीपछि सिआइबीले अनुसन्धान गरिरहेको थियो। आदिलले टी-२० लिगमा जनकपुर रोयल्सबाट खेलेका थिए। तर मेहबुब भने लिगमा कुनै पनि टिममा आबद्ध थिएनन्।

आदिलले गत वर्ष अमेरिकाविरुद्धको खेलबाट एकदिवसीय राष्ट्रिय टिम र पपुवा न्युगिनीविरुद्धको खेलबाट टी-२० टिममा डेब्यू गरेका थिए।

मेहबुब भने नेपालका चर्चित अलराउन्डर हुन्। पछिल्लो समय राष्ट्रिय टिममा नरहेका ४१ वर्षीय मेहबुबको नाममा एकै खेलमा दश विकेट लिने कीर्तिमान छ। लिगको समयमा उनी भारतमा गएका थिए। त्यहींबाट उनले क्रिकेटरसँग फिक्सिङका लागि सम्पर्क गरेको प्रहरीको भनाइ छ।

राष्ट्रिय टिमबाट नखेले पनि मेहबुबले भने मधेश प्रदेशको टिमबाट गत वर्षसम्म राष्ट्रिय क्रिकेट खेलेका थिए। १९ वर्षीय आदिलले पपुवा न्युगिनीविरुद्धको खेलमा डेब्यू गर्दा ११ बलमा ३१ रन हानेर सनसनी मच्चाएका थिए।

गत महिना भएको टी-२० लिग सुरुदेखि नै विवादमा परेको थियो। नेपाल क्रिकेट संघ (क्यान) ले भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्सलाई आयोजनाको जिम्मा दिएको लिगमा स्पट फिक्सिङ भएको भन्दै कमेन्टेटर सचिन तिमिल्सेनाले लिग छाडेका थिए। यस्तै काठमाडौं नाइट्सका कप्तान ज्ञानेन्द्र मल्लले खेलपछिको पत्रकार सम्मेलनमा आफ्नो टिमका खेलाडीलाई फिक्सिङका लागि प्रस्ताव आएको खुलासा गरेको थिए।

त्यसपछि गृह मन्त्रालयको निर्देशनमा सिआइबीले अनुसन्धान थालेको थियो। सिआइबीले लिगमा स्पट फिक्सिङ भएको र भारतीय कम्पनी सेभेन थ्रीको संलग्नता रहेको निश्कर्ष निकालेको थियो।

# फागुन २३ मा पल्सर स्पोर्ट्स अवार्ड, ९ विधामा पुरस्कृत गरिने




**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुने पल्सर स्पोर्ट्स अवार्डको १९औं संस्करण आगामी फागुन २३ गते हुने भएको छ।

मञ्चले अवार्ड आगामी फागुन २३ गते हुने घोषणा सोमबार गरेको हो। २०६० सालदेखि हुँदै आएको अवार्ड कमलादीस्थित प्रज्ञा भवनमा आयोजना हुनेछ। २०७८ सालभर नेपाली खेलकुदमा योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक र खेलकर्मीलाई सम्मान गरिनेछ। सोमबार नै एनएसजेएफ स्पोर्ट्स अवार्डले मुख्य प्रायोजकको रूपमा हंशराज हुलासचन्द एन्ड कम्पनी प्रालिको बजाज पल्सर मोटरसाइकलसँग आगामी पाँच वर्षका लागि नवीकरण गरेको छ। मञ्चको उक्त कम्पनीसँग १४औं वर्षको सहकार्य हो।

सम्झौतामा मञ्चका तर्फबाट अध्यक्ष दुर्गानाथ सुबेदी (देवेन्द्र) र मुख्य प्रायोजक हंशराज हुलासचन्द एन्ड कम्पनी प्रालिका प्रबन्ध निर्देशक अभिमन्यु गोल्छाले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए।

अवार्ड २०७८ मा कुल ९ विधामा अवार्ड प्रदान गरिने मञ्चका महासचिव प्रज्वल ओलीले जानकारी दिए। यसअन्तर्गत वर्ष उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट युवा खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्टलाई अवार्ड रहेका छन्। वर्ष पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस गरी पाँच विजेताले बजाज पल्सर मोटरसाइकल पाउनेछन्। यस वर्षदेखि युवाको विजेतालाई पनि मोटरसाइकल प्रदान गरिने मञ्चले जनाएको छ। अन्य विधाका विजेताले जनही ५० हजार रुपैयाँसहित विभिन्न गिफ्ट ह्याम्पर पाउँनेछन्।

अवार्डका लागि मञ्चले सम्पूर्ण तयारी सुरु गरिसकेको र आगामी हप्ता पिपल्स च्वाइसको मनोनयन पनि सार्वजनिक गरिने मञ्चका महासचिव ओलीले बताए। यसका लागि मञ्चका सचिव अञ्जन खड्काको संयोजकत्वमा खेलाडी छनोट समितिले आवश्यक तयारी सुरु गरिसकेको छ। अवार्ड कार्यक्रमलाई सफल बनाउन मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी (देवेन्द्र) को अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको छ। साथै विभिन्न उपसमिति गठन गरिएको मञ्चले जनाएको छ।



पूर्वी नवलपरासीको कावासोती-११ का प्रकाश रानाले तीन कठ्ठा जमिनमा गर्नुभएको ड्रागन फुट खेती । सात वर्ष संयुक्त अरब इमिरेट्स बसेर फर्केपछि ड्रागन फुट खेती सुरु गर्नुभएको हो ।
*तस्बिर : रासस*

# प्रादेशिक महोत्सवमा चार देश सहभागी हुने

विराटनगर । मोरङको उर्लाबारीमा माघ २१ मा हुन लागेको प्रादेशिक औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सवको तयारी तीव्र पारिएको छ । सङ्घका अध्यक्ष शेरबहादुर भण्डारीले महोत्सवको तयारी भइरहेको र हालसम्म ७० प्रतिशत स्टल बुकिङ भइसकेको जानकारी दिनुभयो ।

उत्पादक र उपभोक्ताबीच सुमधुरसम्बन्ध कायम गर्ने उद्देश्यले आयोजना गर्न लागिएको महोत्सवमा नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगका अतिरिक्त विदेशका वस्तु र पहाडी जिल्लाका खनिजजन्य, स्थानीय कृषिजन्य र अन्य उत्पादनका स्टल राखिने महोत्सवका संयोजक तथा उर्लाबारी उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष चन्द्रबहादुर भट्टराईले जानकारी दिनुभयो ।महोत्सवमा बङ्गलादेश, पाकिस्तान, भारतका व्यवसायी सहभागी हुने भएका छन् । सङ्घका अनुसार तीन देशले १३ वटा स्टल बुकिङ गरिसकेका छन् । पछिल्लो समय बजारमादेखिएको आर्थिक अस्थिरतालाई चलायमान बनाउन प्रादेशिक महोत्सव गर्न लागिएको सङ्घको भनाइ छ ।

महोत्सवमा कृषिजन्य वस्तु, खाना तथा घरेलु उत्पादन, हस्तकला

**महोत्सवमा कृषिजन्य वस्तु, खाना तथा घरेलु उत्पादन, हस्तकला तथा गार्मेन्ट, फुटवेयर, अटोमोवाइल्स, इलेक्ट्रोनिक्स, फर्निचर तथा फर्निसिङ, जडीबुटी, औषधिजन्यवस्तु तथा निर्माण सामग्री राखिनेछन् ।**

तथा गार्मेन्ट, फुटवेयर, अटोमोवाइल्स, इलेक्ट्रोनिक्स, फर्निचर तथा फर्निसिङ, जडीबुटी, औषधिजन्यवस्तु तथा निर्माण सामग्री राखिनेछन् ।

महोत्सवमा स्थानीय संस्कृति तथा मौलिक वस्तुहरूको प्रदर्शनी पनि रहनेसह-संयोजक तथा सङ्घका पूर्वअध्यक्ष प्रितम खड्गीले बताउनुभयो । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति र बाल उद्यान तथा मनोरञ्जनात्मक खेल देखाइने उहाँले जानकारी दिनुभयो । नौ दिनसम्म चल्ने महोत्सवमा एक लाख ७० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने र रू २५ करोड कारोबार हुने अनुमान गरिएको छ ।

महोत्सवमा उर्लाबारी नगरपालिका संरक्षक समिति, छिमेकी नगरपालिका तथा गाउँपालिका, प्रदेशका विभिन्न मन्त्रालय, नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घ तथा सञ्चार क्लब उर्लाबारीसँग समन्वय गरिएको छ ।रासस

# पहिलो एओजीनाइट राइड सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले शनिबार र आइतबार पहिलो पटक काठमाण्डुदेखि चित्लाङसम्म अपाचे ओनरस् ग्रुप (एओजी) नाइट राइडको धुमधाम आयोजना गरेको छ ।

३० जना राइडरहरुको सहभागिता रहेको उक्तकार्यक्रममा अपाचे राइडरहरुले यात्राको क्रममा विभिन्न मनोरञ्नात्मक गतिविधिहरूमा भागलिए ।

उनीहरु मनोरञ्जनमा मात्र सीमित रहेनन् चित्लाङको प्राकृतिक सुन्दरताको अवलोकन गर्दै उनीहरुले कम्पनीको तर्फबाट समाज सेवा पनि गरे ।

चित्लाङको काली देवी आधारभूत विद्यालयमा अध्ययन सामग्री वितरण गर्नुका साथै अरु विभिन्न कार्यक्रमहरु पनि आयोजना गरेका थिए ।

युटुबर 'जानकारी केन्द्र' तथामोटो भ्लगरहरु' बाइकअल्साइक' र 'टुइनस्–राइडर'हरु कार्यत्रममा उपस्थिति रहेका थिए ।

टिभिएसले काठमाण्डु, कोशी, गण्डकी, लुम्बिनी, र नारायणी क्षेत्र लगायत देशका विभिन्न स्थानमा एओजी राइड कार्यक्रम आयोजना गरिसकेको छ ।

यद्यपि रात्रिकालिन यात्रा भने यो पहिलो रहेको कम्पनीले जनाएको छ । अपाचेका चालकहरुले अत्यधिक रुचाइएको यो अभियान नेपालका अन्य क्षेत्रमा पनि आयोजना गर्ने कम्पनीको योजना छ ।

राइडका एक सहभागी भन्छन्: "चित्लाङमा यस्तो राइडको आयोजना धेरै थोरै मात्र हुन्छ । जगदम्बा मोटर्स्ले हामीलाई बाइकिङ प्रविधि सिक्ने मौका दिएकोमा धन्यवाद दिन चहान्छौं ।"




उनी यति मा रोकिएनन्, उनले थपे, "हामीले फेसबुक र भाइबरका ए ओजी राइडर्स नेपाल समूहमा पनि सामेल भयौं जसले हामीलाई आगामी दिनहरुमा टिभिएसले आयोजना गर्ने राइड तथा कार्यक्रमहरूको बारेमा अपडेटेड राख्नेछ । यसले हामीलाई भविष्यमा पनि यस प्रकारका कार्यक्रमहरूमा भागलिन उत्सुक बनाएको छ।"

कार्यक्रमका अर्का एक सहभागी कल्याण श्रेष्ठले एओजी कै बारेमा सुनेर आफूले अपाचे किनेको बताए ।

उनले जगदम्बा मोटर्सलाई धन्यवाद दिँदै भने,"मैले अपाचे आरटी आर २०० फोभि एफ आइ किनेपछि एओजी ग्रुपमा सामेल हुन पाउँदा निकै खुशी छु र जगदम्बा मोटर्स प्रा.लि प्रति आभार व्यक्त गर्न चाहन्छु ।"

एओजी, अपाचे बाइक भएका राइडर हरूको समुदाय हो, जुन मोटरसाइकल प्रति उनीहरुको प्रेम, जोश, र लगाव बाड्ने एउटा साझाप्लेटफर्म हो ।

भारत तथा अन्य राष्ट्रहरूका अपाचे राइडर हरुले बनेको यस समुदायले सम्पूर्ण राइडर हरुलाई एकजुट बनाएर विभिन्न कार्यक्रमतथा साहसिक खेलहरुमा संलग्न गराउँछ ।

जगदम्बा मोटर्स प्रा.लि नेपालमा टि भि एसका दुईपांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक रहेको छ ।

कम्पनीको नेपालभर १४० भन्दा बढी डिलर हरुको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टि भि एसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल भएक्को छ ।

गुणस्तरीय उत्पादनहरु,बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपूर्जाको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण सोमबार टि भि एस नेपालको सर्वाधिक रुचाइएको दुईपांग्रे ब्राण्डका रुपमा स्थापित रहेको छ ।

# पुसमा भित्रियो ११ सय बढी दुई पांग्रे सवारी साधन

**टुडे समाचारदाता**

काठमाण्डु । १५० सिसीभन्दा माथिका दुई पांग्रे सवारी साधन आयातमा लगाइएको प्रतिबन्ध पुस महिनादेखि हटाइएको छ।

यससँगै पुस महिनामा मात्रै १२५ सिसी माथिका एक हजार एक सय २१ वटा दुई पांग्रे आयात भएको छ। भन्सार विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्षको मंसिर महिनासम्म १२५ सिसीदेखि २०० सिसीसम्मका ६ हजार एक सय ४ वटा मोटरसाइकल तथा स्कुटर भित्रिएको थियो। यो संख्या पुस महिनामा ६ हजार ९ सय ५ पुग्यो। यसर्थ पुसमा मात्रै १२५ सिसीदेखि २०० सिसीसम्मका आठ सय एक दुई पांग्रे भित्रिएको हो। त्यस्तै साउनदेखि मंसिर महिनामा २५० सिसीदेखि ४०० सिसीसम्म जम्मा १६० वटा बाइक तथा स्कुटर आयात भएको थियो। यो संख्या पुस महिनामा ४८० पुगेको छ। यसर्थ पुसमा २५० देखि ४०० सिसीसम्मका तीन सय २० वटा दुई पांग्रे सवारी साधन आयात भएको छ।



चालु आर्थिक वर्षको साउनदेखि पुस महिनासम्ममा १२५ सिसीदेखि ४०० सिसीसम्मका ७ हजार ४ सय ४५ वटा मोटरसाइकल तथा स्कुटर आयात भएको छ। यसबाट सरकारलाई दुई अर्ब २९ करोड ३८ लाख ६० हजार रुपैयाँ बराबर राजस्व संकलन भएको छ।

तथ्यांक अनुसार पुस महिनामा ५० सिसीदेखि १२५ सिसीसम्मका भने कुल दुई सय ८ वटा दुई पांग्रे सवारी साधन आयात भएको छ। यसबाट सरकारलाई १९ करोड ८५ लाख एक हजार रुपैयाँ बराबर राजस्व संकलन भएको छ।

यो महिना २०० सिसीदेखि २५० सिसीसम्मका कुनै पनि दुई पांग्रे सवारी साधन आयात भएको छैन।

# स्ट्रबेरीको व्यावसायिक उत्पादन

गलकोट । बागलुङमा स्ट्रबेरीको व्यावसायिक उत्पादन थालिएको छ । गत वर्ष तमानखोला गाउँपालिका-२ कटेरीका ४९ वर्षीय चूडामणि छन्त्यालले परीक्षणका लागि लगाएको स्ट्रबेरी बेचेर रु दुई लाख आम्दानी गर्नुभयो । उहाँले उत्पादन गरेको स्ट्रबेरी पोखरामा बिक्री भएको थियो ।

अहिले जैमिनी नगरपालिका-१० राङ्खानीका केदार आचार्यले आफ्नै आचार्य जैविक कृषि फर्ममा समेत पहिलो पटक स्ट्रबेरीको खेती थाल्नुभएको छ । पछिल्लो समय बागलुङमा छन्त्याल र आचार्यले स्ट्रबेरीको व्यावसायिक खेती थाल्नुभएको छ ।



छन्त्यालले बागलुङमा स्ट्रबेरी खेती गरेको खबर पाएपछि उहाँकै सल्लाहमा पहिलोपटक यस वर्ष एक हाइटेक टनेलमा स्ट्रबेरी खेती थालेको राङ्खानीका कृषक केदार आचार्यले बताउनुभयो । उहाँले गत वर्षदेखि स्ट्रबेरीको व्यावसायिक खेती थालिएको जनाउँदै यो बागलुङका लागि नयाँ फल रहेको बताउनुभयो । उहाँले आफूले परीक्षणका लागि लगाएका तीन सय स्ट्रबेरीका बिरुवाले उत्पादन दिन थालेको जानकारी दिनुभयो ।

"पाँच वर्षदेखि कृषि कर्ममा तल्लीन छु, नयाँ-नयाँ फलफूल तथा तरकारीको परीक्षण उत्पादनसमेत गर्दै आएको छु, यहाँ स्ट्रबेरीको राम्रो सम्भावना देखेँ, स्ट्रबेरी खेतीको विषयमा खोजी गर्दा तमानखोलामा यसको व्यावसायिक उत्पादन भएको पत्ता लगाएर आफूले समेत उक्त खेती यस वर्षदेखि थालेको हुँ", आचार्यले भन्नुभयो, "स्ट्रबेरी अन्य फलफूलभन्दा सजिलै उत्पादन गर्न सकिने र राम्रो मुल्य पाउने देखियो, अर्को वर्ष अझै बृहत तरिकाले उत्पादन गर्ने लक्ष्यमा छु ।"

उहाँले नयाँ फल रहेको र बिरुवा उत्पादनमा कुनै समस्या नभएकाले बजारीकरणको समस्या नदेखिएकाले यसको व्यावसायिक उत्पादन आवश्यक रहेको बताउनुभयो। अहिले बागलुङ बजारको कौसी खेतीमा समेत स्ट्रबेरी लगाइएको पाइन्छ तर त्यो व्यावसायिक नभएर घरायसी प्रायोजनका लागि मात्रै भएको आचार्यले जानकारी दिनुभयो। उहाँले चारवटा प्लास्टिक टनेलमा तरकारी खेती, सुन्तला खेती, स्ट्रबेरी खेती, गड्यौला खेती र १० रोपनी जग्गामा अलैंची खेती गर्दै वार्षिक सात लाख आम्दानी गर्दै आउनुभएको छ। वैदेशिक रोजगारीबाट फर्केर कृषि कर्ममा लाग्नुभएका आचार्यले स्ट्रबेरी खेतीलाई प्रवर्द्धन गर्न थाल्नुभएको छ।

छन्त्यालले गाउँमा कृषि क्रान्ति नै ल्याउनुभएको छ । गाउँमा पहिलोपटक उहाँले प्लास्टिक टनेल हालेपछि अहिले गाउँभरि प्लास्टिक टनेल छन् । पाँच वर्षअघि मात्रै आफ्नो पुरानो गाउँ कटेरी फर्केर कृषिमा लाग्नुभएका छन्त्यालले भन्नुभयो, "अहिले स्ट्रबेरीको क्रेज बढेको छ, पहिला स्ट्रबेरीको नामै थाहा नभएकाले स्ट्रबेरी खान थाले, बागलुङमा पहिलोपटक स्ट्रबेरीको व्यावसायिक उत्पादन गत वर्ष मैले नै थालेको हुँ, अहिले केदार आचार्यले पनि थाल्नुभएको रहेछ ।"

छन्त्यालले टमाटर फलाउने जग्गामा स्ट्रबेरी फलाउन सके धेरै गुणा महङ्गोमा बिक्री गर्न सकिने अनुभव सुनाउनुभयो । "गत वर्ष स्ट्रबेरी लगाएको प्लास्टिक टनेलमा हिमपातका कारण केही क्षति भएपछि अहिले टनेल मर्मतमा लागेको छु, त्यसपछि पुनः स्ट्रबेरी लगाउने उदेश्य छ", उहाँले भन्नुभयो । छन्त्यालले जल्लामै पहिलोपटक स्ट्रबेरीको व्यावसायिक खेती थालेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कले देखाएको छ ।

लामो समय वैदेशिक रोजगारीमा जानुभएका छन्त्यालले स्ट्रबेरी खेतीमा राम्रो सम्भावना देखेपछि काठमाडौँ र पोखरामा व्यावसायिक खेती सुरु गर्नुभएको थियो । पछि आफ्नै गाउँ कटेरीमा छ रोपनी जग्गामा व्यावसायिक तरकारी र स्ट्रबेरी खेती थालेको छन्त्यालको भनाइ छ । स्ट्रबेरीको बजार मूल्य अहिले प्रतिकिलो रु पाँच सय रहेको छ । लामो समयदेखि घरको कौसीमा स्ट्रबेरी खेती गर्दै आउनुभएका बागलुङ नगरपालिका-३ का घरधनी बमबहादुर खड्काले बताउनुभयो । रासस


नेपाल सरकार

**कृषि तथा पशुपंछी विकास मन्त्रालय**

**पशु सेवा विभाग**

**पशु क्वारेन्टाईन कार्यालय**

**जनकपुरधाम, धनुषा**

**सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**सूचना नं. १।२०७९/०८०**

**सूचना प्रकाशित मिति २०७९।१०।१०**

यस कार्यालय तपसिलमा उल्लेखित माटो (पुर्ने) फिलिंग कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र आव्हान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७९।११।१० गते) को १२:०० बजे भित्र बोलपत्र आव्हान सम्बन्धीत फारम पेश गर्न हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. बोलपत्र आव्हान फारम प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिन (२०७९।११।१० गते) भित्र १२:०० बजे सम्म यस कार्यालयमा बोलपत्र फारम खरिद वापत रु. ३०००।०० (पछि फिर्ता नहुने गरी) नगद रकम तिरी वा राष्ट्रिय बाणिज्य बैंक जनकपुर स्थित यस कार्यालय को कोड नम्बर ३१२०२१७०१ राजश्व शिर्षक नम्बर १४२२९ राजश्व शिर्षक खातामा दाखिला भएको सकल बैंक भौचर (पेश गरी) बाट प्रति गोटा बोलपत्र आव्हान सम्बन्धीत फारम कार्यालय समय भित्र खरिद गरी दर्ता गराउन सकिने छ। ३१ औं दिन विदा परेको खण्डमा भोलि पल्ट सो विदा नपरेको भए सोही दिनको अपरान्ह ३:०० बजे बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा तथा उपस्थित नभए पनि बोलपत्र खोलिने छ ।
२. सुचिकृत भएको, निर्माण व्यवसायीमा दर्ता भएको ठेका इजाजत प्रमाणपत्र, आर्थिक वर्ष २०७८।२०७९ को कर चुक्ता भएको प्रमाणपत्र, कालो सूचिमा नपरेको तथा स्था. लेखा नम्बर भएका इच्छुक व्यक्ति फर्म, संस्था तथा कम्पनीहरुले निवेदन साथ फर्म इजाजत पत्र समेत प्रमाण पत्रहरुको फोटोकोपी संलग्न राखी बोलपत्र आव्हान सम्बन्धीत फारम खरिद गर्ने वखत पेश गर्नुपर्ने छ ।
३. बोलपत्र आव्हान सम्बन्धीत जमानत वापत राष्ट्रिय बाणिज्य बैंक जनकपुर स्थित यस कार्यालयको कोड नम्बर ३१२०२१७०१ खुल्ने गरी धरौटी खाता नम्बर १२२१००१०२०३०००० मा को. ले. नि. कार्यालय जनकपुर नामले व्यहोरा खुल्ने गरी निम्न उल्लेखित बोलपत्र जमानत रकम धरौटी खातामा दाखिला भएको दोश्रो प्रति सकल बैंक भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंक (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट प्रकाशित भएको मितिले ३० औं दिन म्याद भएको सकल बिडबण्ड (Bid Security) पेश गर्नुपर्ने छ। मान्य अवधि एक सय विस दिनको हुने छ ।
४. बोलपत्र उल्लेख भएको अंक र अक्षर दुबै मा स्पष्ट रुपमा भर्नुपर्ने छ । केरमेट भएको खण्डमा अक्षर मा उल्लेख भएकोलाई तथा बोलपत्र दाताहरुले सही छाप भएको बोलपत्र फारम मान्य हुने छ ।
५. सूचना मा उल्लेख भएका बुन्दाहरु बाहेक नसमेटिका बुन्दाहरु समेत सार्वजनिक खरिद ऐन २०६३ तथा नियावली २०६४ बमोजिम लागु हुने छ। साथै प्राविधिकको अधिनमा रही कार्य सम्पादन गर्नुपर्ने छ ।
६. धरौटी फिर्ता हुने बखत तोकेको जमिनको लेभल बमोजिम प्राविधिक मापदण्ड प्रमाणित कागजातको आधारमा धरौटी रकम भुक्तानी गरिने छ। बालुवा माटो बाहेक अन्य माटोले फिलिंग (पुर्ने) कार्य गर्नुपर्ने छ ।
७. बोलपत्र आशिंक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित हरने छ ।

| सि. नं. | सम्पर्क बोलपत्र नं. | कामको विवरण | ल.ई. रकम (भ्याट सहित) | बोलपत्र जमानत रकम रु. | प्रति बोलपत्र फारम खरिद दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | १।२०७९।२०८० पशु क्वा. कार्यालय जनकपुर | कार्यालयमा माटो फिलिंग (पुर्ने) गर्ने कार्य | ३०,४०, ५८५।८५ | ९१,०००।०० | ३,०००।०० | |

**कार्यालय प्रमुख**

# समानुपातिक सांसदको विवाद सल्टियो

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशमा नेकपा माओवादी केन्द्रका समानुपातिक सांसदको विवाद सल्टिएको छ।

अन्तिम नामावलीका दुई सांसदमाथि परेको रिट सर्वोच्च अदालतले तामेलीमा पठाएर टुङ्गो लगाएको छ।

वादी रौतहटकी खजान्ती महतो नुनियाले नै पेशी लिन इन्कार गरेको भन्दै सर्वोच्च अदालतका न्यायाधीशहरुले मुद्दालाई तामेलीमा पठाएर प्रतिवादीलाई सदर गर्दै मुद्दा अन्त्य गरेको छ।

न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भर प्रसाद श्रेष्ठ, ईश्वर प्रसाद खतिवडा, आनन्द मोहन भट्टराई र अनिल कुमार सिन्हाको संयुक्त इजलाशले सो आदेश दिएको छ।

तर,वादीका वकिल उमेशप्रसाद साहले फैसलामा आपत्ति जनाएका छन्। संवैधानिक इजलाशको नियमावली अनुसार १५ दिनसम्म मुद्दा थमाउन सक्ने व्यवस्था रहेको उनको जिकिर छ। वादी बिरामी हुँदा पेशी लिन नसकेको उनले बताएका छन्।

अदालतले गत पुस २७ गते राखेको पेशीमा वादी खजान्ती अनुपस्थित भएका थिए। वादीले वकिलमार्फत पुस २९ गते पेशी राख्न रजिष्टारसमक्ष अनुरोध गरेका थिए। तर माघ ४ गते न्यायाधीशहरुले पेशी लिन इन्कार गरेको भन्दै मुद्दा तामेलीमा पठाएका थिए।

न्यायाधीशहरुको मुद्दालाई तामेलीमा पठाएपछि सप्तरीकी माला कर्ण र महोत्तरीका रज्जी हैदर सांसद भएका छन्।

उनीहरुले सोमबार निर्वाचन आयोगबाट प्रमाणपत्रसमेत प्राप्त गरेका छन्। निर्वाचन आयोगले दिएको प्रमाणपत्रको अधारमा मधेश प्रदेशसभाले उनीहरुलाई शपथ ग्रहण गराउने छन्।

उनीहरुलाई निर्वाचन आयोगले रिट पर्नुअघि नै निर्वाचित भएको घोषणा गरेका थिए। तर रिट परेपछि उनीहरुलाई प्रमाण दिइएको थिएन्। अदालतको पत्रले उनीहरुको शपथ ग्रहण पनि रोकिएको थियो।

पार्टीले निर्वाचन आयोगमा पठाएको आधारमा आयोगले धनुषाबाट सुनिता यादव, सप्तरीबाट मालाकुमारी कर्ण, धनुषाबाट शारदा दास र महोत्तरीबाट मोहम्मद रज्जी हैदरलाई निर्वाचित भएको घोषणा पनि गरेको थियो।

सुनिता र माला मधेशी समूह, शारदा दलित र रज्जीको नाम मुस्लिम समूहको कोटाबाट पठाइएको थियो। त्यसपछि पुनः खजान्तीले अनुसूची अनुसार आफू निर्वाचित हुनुपर्ने भन्दै उत्प्रेषण मुद्दा दिएकी थिइन्।

# न्यायको लागि प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । अपहरणपछि हत्या भएको जनकपुरधाम उपमहानगरपालिका १३ का विष्णु साह र वडा नम्बर ८ का रोहित साहको परिवारजनले न्यायको माग गर्दै प्रदर्शन गरेका छन्।

परिवारजनले सोमबार जनकपुर-ढल्केवर सडक खण्ड अन्तर्गत पिडारी चोकस्थित सडक अवरुद्ध गरी प्रदर्शन गरेका थिए।

प्रहरीको लापरबाहीले हत्या भएको उनीहरुको आरोप छ। शव फेला परेको दश दिन अघि नै प्रहरीलाई परिवारजनले फिरौती मागेको अडियो रेर्कड र मोवाइल नम्बर बारे जानकारी गराएको बताइन्छ। तर




आइतबार भारतमा उनीहरुको शव बरामद भएको थियो। प्रहरीले ज्यानको सुरक्षा दिन नसकेको भन्दै आक्रोशित भएका उनीहरु जिल्ला प्रहरी कार्यालय धनुषा अगाडि पुगेर पनि प्रदर्शन गरेका थिए।

उनी प्रशासनविरुद्धमा चर्को नाराबाजी गरेका थिए। गृहमन्त्रीसँगै प्रहरीको राजिनामा पनि माग गरेका थिए। गत पुस २६ गते रोहित मामाको घरमा विष्णुलाई लिएर भोज खान भारत विहार राज्य परिहार गएका थिए। दुबै जना त्यहीबाट अपहरणमा परेका थिए।

अपहरणकारीले साहद्वयको परिवारमा फोन गरी दश लाख फिरौती रकम माग गरेका थिए। फिरौती रकम जोहो गर्दै गर्दा आइतबार उनीहरुको शव भारतको सीतामढी जिल्लास्थित पर्सामा फेला परेको थियो।

परिवाजनले प्रहरीलाई गत पुस २९ गते प्रहरीलाई प्रमाणसहित जानकारी गराएको दाबी गरिरहेका छन्। परिवारजनले प्रहरीलाई फोन नम्बर र फिरौती रकम मागेको अडियो रेर्कड उपलब्ध गराएका थिए। तर प्रहरी उनीहरुलाई बेवास्ता गरेको आरोप लगाइएको छ।

प्रहरीले समयमा चासो नलिँदा हत्या भएको परिवारजनको बुझाइ छ। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई नेपालमा र पाँच जनालाई भारतमा पक्राउ गरिसकेका छन्।

यद्यपि घटनाको मुख्य योजनाकार फरार रहेका छन्। प्रहरीले मनरासिस्वा नगरपालिका ६ का किसन पण्डित र मुकेश पासवानलाई नेपालबाट पक्राउ गरेका छन्। भारतीय प्रहरीले पक्राउ गरेको बारे नेपाल प्रहरीले संख्या खुलाए पनि नाम खुलाएका छैनन्।

## हजुर बुबाले दिए दागबत्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । अपहरणपछि हत्या भएका जनकपुरधामका विष्णु र रोहित साहको आइतबार मध्यराति नै दाहसंस्कार गरिएको छ। रतनसागर पोखरीको डिलमा दुबै जनाको दाहसंस्कार गरिएको छ।

साहद्वयको शव राति १ बजे आएको थियो। शव धेरै कुहिएको हुनाले राति नै दाहसंस्कार गरिएको मृतक विष्णुको आफ्न्त देवनारायण साहले बताए।

दुबै जनालाई हजुर बुबाले दागबत्ती दिएका थिए। विष्णुको हजुर बुवा राककिशोर साह र रोहितको हजुर बुवा पृथ्वी साहले दागबत्ती दिएका थिए।

जनकपुरधाम उपमहानगरपालिका १३ का विष्णु र वडा नम्बर ८ का रोहित साह गत पुस २६ गते भारत गएका थिए। उनीहरु ज १२ प ८०४ नम्बर प्लेटको पल्सर मोटरसाइकल लिएर गएका थिए।

सोही मोटरसाइकल दुर्घटना हुँदा उनीहरु स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गराएका थिए। सोही ठाउँबाट उनीहरु अपहरणमा परी हत्या भएको परिवारजनको आशंका छ।

परिवारजनले रोहित विष्णुलाई लिएर मामाको घर परिहार गएका थिए। तर खोजतलासमा खटिएका प्रहरीले उनीहरु आफ्न्तमा नगएको दाबी गरेका छन्।

खोजतलासमा खटिएको प्रहरीले उनीहरुको शव ठूलो पर्खालले घेरिएको टिक रुखको बगैचामा गाडिएको अवस्थामा बरामद गरेका थिए।

उनका अनुसार खाल्डो खनी शव गाडिएको थियो। र, शव छिटो कुहिनका लागि खाने नुन प्रयोग गरिएको थियो।

# प्रादेशिक अस्पतालमा संक्रमणको जोखिम

**ध्रुबकुमार झा**





जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरधाम दिनप्रतिदिन सरसफाइको अभावमा दुर्गन्धित बन्दै गएको छ।

अस्पतालको सबैभन्दा संवेदनशील आइसीयुदेखि आकस्मिक कक्षबाट निस्कने जोखिमयुक्तसमेतका फोहोरको प्रभावकारी व्यवस्थापन नहुँदा बिरामीहरुमा विभिन्न प्रकारको संक्रमण बढाउने जोखिम देखिएको छ।

अस्पताल प्रशासनको लापरबाही तथा सर्वसाधारणमा जनचेतनाको अभावले गर्दा अस्पतालको वार्डहरु दुर्गन्धित भइ संक्रामक बन्दै गएको कुरुवाहरुको आरोप छ।

प्रत्येक शैय्यामुनि कम्तीमा एउटा डष्टबीन हुनैपर्ने भए पनि यस अस्पतालको वार्डमा रहेका दुई सय भन्दा बढी शैय्यामा दुई वटा डष्टबीन नरहँदा जताततै जोखिमयुक्त फोहोरहरु फालिने गरिएकोले संक्रमणको जोखिम बढेको छ।



विश्व स्वास्थ्य सङ्गठनले प्रयोग भएका सुइ,बिरामीको उपचारका क्रममा निस्कने पीप, रगतजस्ता फोहोर, शरीरका अङ्ग, चिकित्सकीय उपकरण, रसायनिक पदार्थ, नष्ट नहुने औषधिजन्य वस्तुका भाग र रेडियो विकिरणको समुचित व्यवस्थापनमा जोड दिँदै आएको छ।

तर,प्रादेशिक अस्पताल जनकपुरमा भने यस्ता फोहोरहरु विभिन्न वार्डमा बिरामी भएकै खाटमुनि फालिने गरिएको छ। जसले गर्दा एउटा रोगीमा भएको संक्रमण अर्को रोगीमा सर्ने सम्भावना रहेको चिकित्सकहरु बताउँछन्।

आफन्त बिरामी भेट्न अस्पताल पुगेका डा.विजय कुमार सिंह भन्छन्,'अस्पतालबाट निस्किने फोहोर तथा वार्डहरु दुर्गन्धित हुनु दुर्भाग्यपूर्ण छ।' तत्कालीन अञ्चल अस्पताल जनकपुरमा मेडिकल सुपरिटेण्डेन्ट भएर काम गरिसकेका डा.सिंहले अस्पतालबाट निस्किने फोहोरको समुचित व्यवस्थापन गर्न नसकिए उपचारमा रहेका रोगी मात्र होइन उनका आफन्त (कुरुवा)हरुमासमेत संक्रमणको खतरा छ।

हाल अस्पताल प्रशासनिक रुपमा केही ठूलै समस्या रहेको आफूलाई आभास भएको बताउँदै उनले भने,'फोहरको उचित व्यवस्थापन गर्नैपर्छ यो अस्पतालको लागि अति सामान्य कर्तव्यमा पर्छ यदि यसो गरिँदैन भने यो रोगीहरुमाथि अन्याय नै हो।'

तरल तथा ठोस फोहोर छुट्याएर अस्पतालजन्य फोहोर व्यवस्थापन गर्नुपर्ने प्रावधान पनि विश्व स्वास्थ्य सङ्गठनको निर्देशिकामा प्रष्ट रुपमा उल्लेख गरिएको छ तर दुर्भाग्य प्रादेशिक अस्पताल जनकपुरधाममा भने सुइदेखि रगतजन्य फोहोरसमेत एकै ठाँउमा थुपारिएर राख्दा संक्रमणको खतरा अझै बढेको छ।

गत असोज महिनामा फोहोरकै कारणले गर्दा प्रसूति गृहमा एकै पटक एक दर्जन महिलामा शल्यक्रियापछि संक्रमण भएको खुलेको थियो। एक दुई दिनमा शल्यक्रिया भएको ती प्रसूतिहरुमा एकै प्रकारको संक्रमण देखिएको पीडित बिरामी सिरहा लहानका लक्ष्मी साहले गरिन्।

उनले भनिन,'मेरो सीएस गरेर बच्चा जन्मिएको थियो डिस्चार्ज भएर गएपछि गर्भाशयमा घाउ नै हुने गरी संक्रमण भएको थियो र पछि बुझ्दै जाँदा यो समस्या ममा मात्र होइन दर्जन भन्दा बढी महिलामा भएको थाहा पाएको थिएँ।'

फोहोरै फोहोर देखेर काम गर्ने चिकित्सकहरुसमेत दिक्क लागेर दूखित हुने गरेको गुनासो गर्दै नाम नखुलाउने शर्तमा एक चिकित्सकले भने,'हामीले के गर्ने हाम्रो काम हो उपचार गर्ने व्यवस्थापन नै अस्त-व्यस्त छ साँचो कुरो गर्ने हो भने हामीलाई यहाँ काम गर्ने वातावरण छैन, यसको लागि प्रशासन नै मुख्य जिम्मेवार हो।'

अस्पताललाई सफा सुग्घर राख्न र फोहर व्यवस्थापनका लागि ४६ जना सफाइकर्मीहरु कार्यरत छन् तर, २४ घण्टमा एक पटक भन्दा बढी झाडु लगाइँदैन। कम्तीमा फिनाइलको प्रयोग गरी दिनको चार पाँच पटक पोछा लगाए पनि सफा नहुने अवस्थामा सफाइ कर्मचारीहरुको कामचोरी हदैसम्म पुगेको बताइन्छ।

यता कर्मचारीको अभाव रहेको भन्दै सरसफाइमा समस्या उत्पन्न भएको अस्पतालका उप निर्देशक डा.कृष्णदेव दास बताउँछन्। तर,कर्मचारी हुँदा हुँदै पनि व्यवस्थापनको अभावमा अस्पताल फोहोर बन्दै गएको अस्पतालकै कर्मचारीहरुको गुनासो छ।

एक कर्मचारीले नाम नखुलाउने शर्तमा भने,'सफाइ कर्मचारी होस कि कार्यालय सहयोगी कसैले चिकित्सकलाईसमेत टेर्दैनन् नत्र जति सफाइ कर्मचारी छन् उनीहरुले इमान्दारीपूर्वक काम गरे केही हदसम्म भए पनि अस्पताल परिसर सफा देखिन्थ्यो।'

अस्पतालमा निर्माण कार्य जारी रहेकोले केही शौचालयहरुको अवस्था दुर्गन्धित बनेको स्विकार गर्दै यसलाई व्यवस्थित गर्न आफू लागि परेको दाबी गरे। विगत केहीदिन यतादेखि अस्पतालका २२ जना कर्मचारीलाई लापरबाही गरेकै कारण विभागीय कारबाहीसमेत गरेको उनले जानकारी दिए।

यता अस्पतालबाट निस्कने फोहोरको उचित व्यवस्थापन नहुँदा अस्पतालसंग टाँसिएर रहेको रंगभूमि मैदान डष्टबीन बनेको छ। सरोकारवालाहरुको उदासिनता र अस्पताल प्रशासनको गैर जिम्मेवारपूर्ण रबैयाको कारण अस्पताल भित्र मात्र होइन बाहिरसमेत संक्रमणको जोखिम बढेको छ।

# ठेकेदारले करोडौं रकम बुझाएनन्

**रञ्जन यादव**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकालाई अटेरी गर्दैठेकेदारहरुलेउपमहानगरपालिकालाई बुझाउनुपर्ने करोडौं रुपैयाँ अहिलेसम्म बुझाएका छैनन्।

उपमहानगरपालिकाको ठेक्का सकारेका ठेकेदारहरुले उपमहानगरपालिकालाई बुझाउनुपर्ने ८ करोड २० लाख ५१ हजार ९ सय ५५ रुपैयाँ अहिलेसम्म नबुझाएको राजश्व शाखा प्रमुख राम शर्माले जानकारी दिए।

उपमहानगरपालिकाले पटक पटक बक्यौता रकम बुझाउन ठेकेदार कम्पनीहरुलाई परिपत्र गरे पनि उनीहरु अटेरी गरिबसेका छन्।

२०७७ साल जेठ मसान्त सम्मका लागि नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने ठेक्का सकारेका न्यू पाथिभरा सप्लायर्स हेटौडाले १ करोड २० लाख २८ हजार ९० रुपैयाँ श्रेष्ठ बिल्डर्स प्रा.लि. सिमराले १ करोड २७ लाख ३० हजार २ सय २१ रुपैयाँ ओम सप्लायर्स कलैयाले ९९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ २०७८ साल जेठ मसान्तसम्मका लागि ठेक्का सकारेका बिनोद साह निर्माण सेवा कलैयाले ३ करोड १२ लाख रुपैयाँ उपमहानगरपालिकालाई अहिलेसम्म बुझाएका छैनन्।

त्यस्तै,२०७७ असारसम्मका लागि सडक उपयोग शुल्क उठाउन ठेक्का सकारेका न्यू गुप्ता सप्लायर्सले २१ लाख २५ हजार , कबाडी करको ठेक्का सकारेका सिमरा कन्स्ट्रक्सनले १ करोड २१ लाख ५३ हजार ६ सय ९३ रुपैयाँ , पाडा भैसी बजारको ठेक्का सकारेका जीतेन्द्र प्रसाद यादबले १५ लाख रुपैयाँ र विज्ञापन करको ठेक्का सकारेका रुटस एड्भटाईजिङ कलैयाले ३ लाख १४ हजार ९ सय ५२ रुपैयाँ उपमहानगरपालिकालाई बुझाउनुपर्ने रकम नबुझाएर अटेरी गर्दै आएको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ।




**विनोद साह निर्माण सेवा र सिमरा कन्स्ट्रक्सनले कोभिड संक्रमणको कारण आफूहरुलाई घाटा भएको कारण बताउँदै जिल्ला अदालत बारामा बक्यौता रकम मिनाहाको माग राख्दै मुद्दा दायर गरेका छन्।**

विनोद साह निर्माण सेवा र सिमरा कन्स्ट्रक्सनले कोभिड संक्रमणको कारण आफूहरुलाई घाटा भएको कारण बताउँदै जिल्ला अदालत बारामा बक्यौता रकम मिनाहाको माग राख्दै मुद्दा दायर गरेका छन्।

पाडा भैसी बजारको ठेक्का सकारेका जीतेन्द्र यादव र विज्ञापन कर उठाउन ठेक्का सकारेका रुट्स एड्भटाईजिङ कलैयाको पहिलाको ठेगाना परिवर्तन भएको कारण बताउँदै पठाइएको चिठी फिर्ता हुने गरेको छ।

न्यू पाथिभारा सप्लायर्स हेटौडा ,श्रेष्ठ बिल्डर्स प्रा.लि. सिमरा र ओम सप्लायर्स कलैयाको गलत बिल जारी गरेको भन्दै अख्तियार अनुसन्धान कार्यालय हेटौडा र राजश्व अनुसन्धान कार्यालय पथलैयाले अनुसन्धान गरिहेको छ।

नदीजन्य पदार्थहरु संकलन तथा बिक्री ठेक्कामा ठेकेदारसँग मिलेमतो गरेको , ठेकेदारले पैसा नतिर्दा जफत गर्नुपर्ने बैक ग्यारेन्टी रकम जफत गरी असुल नगरेको लगायतको कारण देखाउँदै जीतपुरसिमरा उपमहानगरपालिकाको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाइ निलम्बनमा परेका छन्।

# 'ईन्टर्‍याक्ट स्पोर्टस फेष्ट'को आयोजना हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा 'ईन्टर्‍याक्ट स्पोर्टस फेष्ट'को आयोजना हुने भएको छ।

रोटरी क्लब अफ जनकपुरधाम अन्तर्गत ईन्टर्‍याक्ट क्लब अफ जनकपुरधामको संयोजनमा हुन लागेको सो खेलकुद प्रतियोगितामा पहिलो दर्ता गराउने २० वटा विद्यालयका विद्यार्थीहरु सहभागी हुने जनाइएको छ।

कक्षा पाँचदेखि १० सम्मका विद्यार्थीहरु सहभागी हुने सो फेष्ट (खेलकुद प्रतियोगिता)मा भलिबल,चेस,एकसय मिटर दौड,दुई सय मिटर दौड,चार सय मिटर दौड तथा सय मिटर रिले दौडलगायतको खेलको आयोजना गरिनेछ।

जनकपुरधाम उपमहानगरपालिका-१३ स्थित कवर्ड हलमा आगामी माघ २० र २१ गते दुई दिनसम्म चल्ने सो प्रतियोगितामा रेफ्रीका लागि राष्ट्रिय खेलकुद टोलीबाट प्रशिक्षकहरु बोलाइने आयोजक क्लबका मयंक मुरारकाले जानकारी दिए।

अतिरिक्त क्रियाकलापको संस्कारको अभावमा बालबालिकाहरु विद्यालयको समय बाहेकको समयमा मोबाइलमै घोरिएर बस्नु,एकलकाँटे बन्दै जानुलगायतको समस्या समाधानमा थोरै भए पनि यस खेलकुद प्रतियोगिताले परिवर्तन ल्याउने उद्देश्यका साथ यो फेष्टको आयोजना गर्न लागिएको बताइएको छ।

तीन साढे तीन लाख खर्च हुने अनुमान गरिएको सो प्रतियोगिताको लागि जनकपुरधाम उपमहानगरपालिकाले आधा रकम दिने भएको छ भने आधी खर्च क्लबले स्वयम् गर्ने जनाएको छ।

**नेपाल वन पैदावार उद्योग व्यवसायी संघ**
धनुषा, जनकपुरधामको
**आठौं जिल्ला अधिवेशन सम्बन्धी सूचना**

यस संघको आठौं जिल्ला अधिवेशनका लागि हाल आ.व. ०७९/०८० सम्मको तिर्नु पर्ने शुल्क रकम तिरी नविकरण गराउनु हुन मिति २०७९/१०/१० गते भित्र आफ्नो फर्म नविकरण गराई जिल्ला अधिवेशनमा सहभागी हुन अनुरोध गरिन्छ। साथै काठ दाउरामा अधारित उद्योग सुचिकृतका लागि वन नियामावली २०७९ अनुसार सुचिकृत गर्नु पर्ने भएकोले उक्त प्रमाण पत्रका लागि चाहिने आवश्यक कागजात जिल्ला संघमा सम्पर्क गरी अनिवार्य रुपले सुचिकृत भई उद्योग संचालन गर्नु हुन अवगत गराईन्छ। साथै जिल्ला अधिवेशन हुने स्थान समय तपसिल अनुसार हुने व्यहोरा अनुरोध छ।

तपसिल
स्थान: सपही होटल, सपही
मिति: २०७९/१०/१४ गते शनिबार विहान ९:०० बजे
नोट: खानाको व्यवस्था गरिएको छ।

जीत नारायण महतो
अध्यक्ष
मो. ९८५४०२३१६१

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिकसम्पत्तिकोसंरक्षणगर्नुसबैकोकर्तव्यहो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८